का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १९, अंक १९९
१८ भदौं २०७८, शुक्रबार
3 September 2021, Friday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# शुरू हुँदै कांग्रेस महासंग्राम

सत्तारुढ दल नेपाली काँग्रेसको आगामी मंसिरमा हुने १४औं महाधिवेशन प्रक्रिया आजबाट शुरु हुँदैछ । आज ५६ जिल्लामा वडा अधिवेशन हुने काँग्रेसले कार्यतालिका तय गरेको छ ।




नेपाली काँग्रेसको वडा अधिवेशन शुरु हुनु एकदिन अगाडि विभिन्न ६ बुँदे माग सहित केन्द्रीय मूख्यालय सानेपामा धर्ना बसेका दलित समुदायका नेता एवम् कार्यकर्ताहरु ।

-तस्बिर : रातोपाटी

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ भदौं ।

सरकारको नेतृत्व गरिरहेको दल नेपाली काँग्रेसको १४औं राष्ट्रिय महाधिवेशनको महासंग्राम आजबाट शुरु हुँदैछ । पटक-पटक स्थगित हुँदै आएको काँग्रेसको महाधिवेशन प्रक्रिया आजबाट शुरु हुने भएको हो । पार्टी नेतृत्व हत्याउने गरी नेताहरुले अडान लिने र निर्णय गर्दा काँग्रेसले निर्धारित समयमा महाधिवेशन गराउन सकेको थिएन । काँग्रेसको विधानले हरेक चार वर्षमा महाधिवेशन गराउनुपर्ने व्यवस्था गरेको छ ।

तर साढे पाँच वर्षमा पनि काँग्रेसले नयाँ नेतृत्व टुंग्याउन सकेन । संविधानले साढे पाँच वर्षभित्र महाधिवेशन गराउनैपर्ने बाध्यतात्मक व्यवस्था गरेको छ । संविधानले हरेक पाँच वर्षमा महाधिवेशन गराउनुपर्ने र विशेष अवस्था आइलागे ६ महिना थप्न सकिने व्यवस्था गरेको छ । तर काँग्रेसले साढे पाँच वर्षमा महाधिवेशन शुरु मात्रै गरेर पार्टी वैधानिकता जोगाउन चाहेको छ । जसका लागि आज काँग्रेसको वडा अधिवेशन हुँदैछ । काँग्रेस केन्द्रीय मूख्यालयका अनुसार, आज ५६ जिल्लाको नगर र गाउँको वडामा अधिवेशन हुँदैछ ।

नामावली प्रकाशित भएका सम्बन्धित जिल्लामा जिल्ला निर्वाचन अधिकृतलाई समेत खटाइएको निर्वाचन समितिका संयोजक महादेवप्रसाद यादवले बताए । ती सबै जिल्लामा निर्वाचनका लागि आवश्यक सामग्रीसमेत पठाइसकिएको छ । "क्रियाशील सदस्यता सूची भएका वडामा सम्भव भएसम्म सबैमा भोलि नै अधिवेशन हुन्छ, केही वडामा नाम छुटेका र मिलाउनुपर्ने भएको अवस्था समितिको रोहवर एक/दुई दिन पछाडि सार्न सकिन्छ । शुक्रबार कति वडामा अधिवेशन सम्पन्न हुन्छ भन्नेमा चाहिँ अहिले नै यकिन गर्न सकिँदैन", उनले भने ।

करिब नौ लाखको संख्या रहेको काँग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन् । क्रियाशील सदस्यले वडाको वडासमिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्ने कांग्रेस विधानमा उल्लेख छ । वडा अधिवेशनले आफूमध्येबाट सभापति एक, उपसभापति दुई, सचिव दुई र सहसचिव दुईगरी सात पदाधिकारी निर्वाचित गर्ने व्यवस्था छ । यसबाहेक मतदाता संख्याको अनुपातका आधारमा वडा सदस्य र क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन् ।

मुलुकभरका सबै छ हजार ७४३ वडामा अधिवेशन सम्पन्न हुँदा ४७ हजार २०१ पदाधिकारी र सदस्य एक लाख २१ हजार ६८१ निर्वाचित हुने संयोजक यादवले बताए । बाँकी पृष्ठ २ मा

## देउवाविरुद्ध एक हुने प्रयास

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १७ भदौं ।

गएको १३औं महाधिवेशनमा सभापति पदमा पराजित बरिष्ठ नेता रामचन्द्र पौडेलले समूहले आगामी महाधिवेशनमा साझा सभापतिको उम्मेद्वार तय गर्ने तयारी गरेको छ । केन्द्रीय कार्यालय सानेपामा संस्थापन इतर समूहले पत्रकार सम्मेलन गरी साझा सभापति तय गर्ने जानकारी दिएको हो ।

वरिष्ठ नेता पौडेलले महाधिवेशनमा एकताको सन्देश दिन सबै नेताहरु एकैसाथ एउटै मञ्चमा उपस्थित भएको बताए । महाधिवेशनका लागि आज देखि देशभर वडा सम्मेलन शुरु हुँदैछ । त्यसअघि पत्रकार सम्मेलन गरी पौडेल समूहले आफ्नो समूह छिन्नभिन्न नभएर एक रहेको सन्देश दिन खोजेको छ ।

पार्टी बचाउन पनि आफ्नो समूहबाट एक जनाले मात्र सभापतिमा उम्मेदवारी दिने नेता पौडेलको भनाइ थियो । वडा अधिवेशन सुरु हुन लागेकाले सभापतिका लागि एउटै व्यक्तिको नाममा सहमति गर्न अझै समय रहेकाले अहिले नै कुनै व्यक्तिको नाम किटानी नगरेको नेता पौडेले बताए । आफ्नो समूहबाट कसलाई के जिम्मेवारी दिँदा ठिक हुन्छ भनेर आफूहरुबीच छलफल भइरहेको उनले बताए । संस्थापन इतर समूहबाट चाँडै नै एक जनाको नाम घोषणा गरिने उनको भनाइ थियो । देशभरका कार्यकर्तालाई आफ्नो समूहबाट साझा उम्मेदवार हुनेमा विश्वस्त हुन आग्रह गरे । काँग्रेसलाई एकताबद्ध बनाउनमा आफ्नो समूहको प्रयास रहने नेता पौडेलले बताए ।

छलफल गरेर नै सभापतिको उम्मेदवार तय गर्ने र कुनै खटपट नगरी एक भएर अगाडि बढ्ने वरिष्ठ नेता पौडेलकोभ नाइ छ । सभापति लगायत अन्य सबै पदमा छलफलबाटै उम्मेदवार तय गरिने उनको भनाइ थियो । अझै पनि क्रियाशील सदस्यताको विवाद समाधान हुन नसकेको र निष्ठावान् कार्यकर्ता क्रियाशील सदस्यताबाट बञ्चित हुने अवस्था सिर्जना भएको नेता पौडेलले बताए ।

वरिष्ठ नेता पौडेलसँगै पार्टीका महामन्त्री डा शशांक कोइराला, कोषाध्यक्ष सीतादेवी यादव, पूर्वमहामन्त्री प्रकाशमान सिंह, पूर्वसहमहामन्त्रीद्वय रामशरण महत र अर्जुननर सिंह केसी, केन्द्रीय सदस्य सुजाता कोइराला, दिलेन्द्रप्रसाद बडू, बलबहादुर केसी, डा शेखर कोइराला, मीनेन्द्र रिजाल, धनराज गुरूङ, गगन थापा, सरिता प्रसाईं, किरण यादव लगायत नेता उपस्थित थिए । यो समूहमा महामन्त्री पदको उम्मेद्वारी घोषणा गरिसकेका गगन थापा पनि सहभागी थिए । थापाले सोमबार महामन्त्री पदमा उम्मेदवारी दिने औपचारिक रुपमा घोषणा गरेका छन् ।

यो समूहबाट पौडेल, महामन्त्री कोइराला, नेताहरु सिंह, महत र सुजाता कोइरालाले सभापतिमा उम्मेद्वारी दिने तयारी गरेका छन् । तर साझा सभापति तय गर्ने नेताहरुले बताएका छन् ।



साफ च्याम्पियनसीपको तयारीका क्रममा दशरथ रंगशालामा बिहीबार भएको मैत्रीपूर्ण खेलमा बलियो टीम भारतसँग एक-एक गोलको बराबरी खेलेको छ ।

# प्रन्या बिनाको सुनुवाइ रोकियो

संवैधानिक परिषद् सम्बन्धी अध्यादेश र त्यसका आधारमा भएको नियुक्तका विरुद्ध परेको रिटमाथि प्रधानन्यायाधीश बिना हुने सुनुवाइ तत्काल रोक्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ भदौं ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणा सहितलाई विपक्षी बनाइ दायर रिटमाथिको सुनुवाइ तत्काललाई रोक्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ । प्रन्या राणाले आफूलाई समेत विपक्षी बनाइएको रिटको सुनुवाइमा नबसी विदामा बस्ने घोषणा गरेका थिए ।

तत्काली प्रधानमन्त्री केपी शर्मा ओलीले संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर त्यसैका आधारमा दुईपटक गरी ५२ संवैधानिक नियुक्त गरेका थिए । त्यसबेला संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर प्रमुख विपक्षी दलका नेता, प्रतिनिधिसभाका सभामुख र उपसभामुख नभए पनि संवैधानिक निकायमा नियुक्ति गर्न सकिने अध्यादेश ल्याएका थिए । त्यसैआधारमा तत्कालीन प्रधानमन्त्री ओली, प्रधानन्यायाधीश राणा र राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिना बसेर नियुक्ति सिफारिस गरेका थिए ।

यसविरुद्ध प्रन्या राणा सहितलाई विपक्षी बनाइ दायर रिटमाथि संवैधानिक इजलासमा सुनुवाइ तोकिएको छ । तर उक्त सुनुवाइमा नबस्ने प्रन्या राणाले गएको शुक्रबार घोषणा गरेका थिए । यो मुद्दामा शुक्रबार सुनुवाइ तोकिएको थियो ।

तर प्रन्या बिनाको संवैधानिक इजलास हुने वा नहुने भन्ने टुंगो लगाउन भन्दै दायर रिटको सुनुवाइ गर्दै सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ । न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म संवैधानिक इजलासमा भएको अध्यादेश सम्बन्धी विवादको सुनुवाइ नगर्न अन्तरिम आदेश जारी गरेको हो ।

"संवैधानिक परिषद् सदस्य रहने प्रधानन्यायाधीशसमेत संलग्न भई संवैधानिक निकायको नियुक्तिसँग सम्बन्धित प्रधानन्यायाधीश उक्त इजलासमा बस्ने वा नबस्ने भन्ने विषयसमेतलाई टुङ्गो गरी संवैधानिक इजलासका सम्बन्धित मुद्दा निर्णय गर्नुपर्ने देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त मुद्दाको सुनुवाइ नगर्नु/नगराउनु", आदेशमा भनिएको छ । उक्त आदेशसँग शुक्रबार पेसी रहेको उक्त अध्यादेशसम्बन्धी विवादको सुनुवाइ बाँकी पृष्ठ २ मा

## एनआरएनएको प्रतिष्ठा अझ उचो बनाउने उम्मेदवार भट्टराईको प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ भदौ

गैरआवासीय नेपाली संघ (एनआरएनए) मलेसियाका



निवर्तमान अध्यक्ष हरि भट्टराईले संघको आगामी महाधिवेशनमा एसिया प्यासिफिक क्षेत्रीय उपसंयोजक (डिआरसी)का लागि उम्मेद्वारी घोषणा गरेका छन् । बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गरी भट्टराईले औपचारिकरुपमा उम्मेद्वारी घोषणा गरेका हुन् ।

आफु लामो समयदेखि 'सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार र युवा पुस्ताको सहभागिता र श्रमिक मैत्री एनआरएन मेरो सरोकार'भन्ने मुल उद्देश्य राखेर काम गरिरहेको भन्दै क्षेत्रीय उपसंयोजक पदमा निर्वाचित भएमा थप शसक्त र प्रभावकारी शैलीमा काम गर्ने योजना रहेको उनले बताए ।

मलेसियामा वैदेशिक रोजगारमा नेपाली ठूलो संख्यामा रहेको जानकारी बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### अफगानिस्तानबाट थप १० नेपालीको उद्धार

**काठमाडौं/रासस–** अफगानिस्तानबाट नेपालीलाई यथाशक्य चाँडो उद्धार गरी स्वदेश फर्काउने क्रम जारी रहेको छ । सरकारले त्यहाँबाट उद्धार गरिएका १० जना बिहीबार नेपाल आइपुगेको बताएको छ । काबुलमा उद्धार उडानको प्रतीक्षामा रहेकाहरूलाई स्वदेश फर्काउन सम्बन्धित निकायसँग समन्वय भइरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

काबुलमा रहेका सबैसँग सरकार नियमित सम्पर्कमा रहेको पनि उक्त मन्त्रालयले बताएको छ । अफगानिस्तानबाट हालसम्म ८५७ जनाको उद्धार गरिएको र ती सबै स्वदेश आइसकेका पनि मन्त्रालयले बिहीबार अपराह्न प्रेस विज्ञप्ति निकालेर जनाएको छ । आगमनपछि उनीहरूलाई कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट स्वास्थ्य मापदण्ड अनुसार प्रक्रिया पूरा बाँकी पृष्ठ २ मा

तु- आवश्यकता

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।




1. Receptionist - 1 (F)
2. Kitchen Helper - 1 (F)
3. Office Secretary/Documentation Officer - 2 (M/F)
4. PRO - 2 (M/F)

तलब आपसी सहमतिमा

सम्वन्धित काममा अनुभव भएको हुनुपर्नेछ ।

आशिर्वाद ओभरसिज
बसुन्धरा, काठमाडौं, फोन:०१-४३८४०५४, ४३८४६३०, ९८५१०६७३५१, ९८५१०५५५२९ | Send CV at email: aashirbadovs@gmail.com

कतारमा रोजगारको अवसर

कम्पनी: PILOT शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/१७ चलानी नं.: ६०१६२३१८ L.T. No.: 244951

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 20 | 20 | स. काममा दक्ष | 1400 | ४४,८४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

साथै यस कम्पनीमा Commi level I (Male/Female), Bell Boy (Male), Life Guard (Male), Pool Attendant (Male) समेत को माग भई आएकाले इच्छुक व्यक्तिहरुले हाम्रो कार्यालय सिनामंगलमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

NOTE: Pre- Interview यस प्रा.लि. को कार्यालय सिनामंगलमा धमाधम भइरहेको छ । फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट Sept. 12 & Sept. 13 मा हुनेछ । (प्रि-अन्तर्वार्ता दिएकालाई मात्र फाइनलमा समावेश गरिनेछ ।

सम्पर्क: ०१-४४६१३५३/०१-४४६३२९४
मोबाईल: ९८५१००२३२९, ९८०१०६१५४६, ९८५१०७३९२२, ९८५१०१०२९४, ९८५४०३६३८७

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २७ र २८ गते (12 & 13 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ९४०/०६७/०६८

बेबी एन्जल इन्टरनेशनल प्रा. लि.
Airport (Near Prakash Sanyash Ashram) Kathmandu, Tel : 4461353, 4461179
Mobile No : 9851002329, 9851073922, 9851010294, 9801061546
Email: babyangelintl@gmail.com, www.babyangelintl.com.np

## बाँके डायरी

पवन जायसवाल/मध्यान्ह

# नेपालगञ्जमा मनोरञ्जन क्षेत्रलाई व्यवस्थित गरिने

बाँकेको नेपालगञ्जलाई मनोरञ्जन क्षेत्र व्यवस्थित बनाइने भएको छ । बाँके जिल्लाको नेपालगञ्ज उप-महानगरपालिकाले मनोरञ्जन तथा सत्कारका लागी यस क्षेत्रलाई थप व्यवस्थित बनाउन लागेको छ । मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र व्यवस्थापन तथा अनुदानका लागि निर्देशिका निर्माण गर्न लागिएको छ । नेपालगञ्ज उप-महानगरपालिका मानव वेचविखन तथा ओसारपसार नियन्त्रण स्थानीय समितिको आयोजनामा बिहीबार निर्देशिकाको प्रारम्भिक मस्यौदा माथि छलफल भएको



छ । जिल्ला प्रशासन कार्यालय, अधिकारको क्षेत्रमा कार्यरत रहेका संघ संस्था, होटल व्यवसायी संघ, नेपालगञ्ज उद्योग वाणिज्य संघका प्रतिनिधि सहितको छलफल कार्यक्रममा मस्यौदालाई छिटो भन्दा छिटो अन्तिम रुप दिएर जारी गर्नुपर्नेमा सहभागिहरुले जोड दिइएका छन् । कार्यक्रममा नेपालगञ्ज उप-महानगरपालिकाका उप-सचिव शोभा शाह, माईती नेपाल नेपालगञ्जका कार्यक्रम संयोजक केशव कोइराला, अधिकारकर्मी कमला पन्त लगायतले सहजिकरण गरेकी थिइन् ।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले मनोरञ्जन क्षेत्रमा व्यवस्थित बनाउन जरुरी भएको बताएका थिए । मनोरञ्जन तथा सत्कार सेवाको रुपमा रहेका डान्स रेष्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याविन रेष्टुरेन्ट, खाजा घर र होटल व्यवस्थापन र कार्यरत श्रमिकहरुको हकहितका लागि निर्देशिका पनि छिट्टै ल्याउन लागिएको छ ।

# वासको १८ औं वार्षिक साधारणसभा सम्पन्न




वासको १८ औं वार्षिक साधारण सभा तथा सामाजिक परीक्षण कार्यक्रम सम्पन्न भएको छ । सो वार्षिक साधारणसभामा आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रगति तथा आर्थिक प्रतिबेदन बास नेपाल नेपालगन्जले साधारण सभाबाट पारित गरेको छ । दिगो विकास र सुशासनमा प्रतिबद्धता हामी सबैको एक्यबद्धता भन्ने मूल नाराका साथ खजुरा गाउँपालिकाका अध्यक्ष किस्मत कुमार कक्षपतिको प्रमुख आतिथ्यतामा साधारण सभा सम्पन्न भएको हो ।

साधारण सभामा वासले आर्थिक वर्ष २०७७/०७८ मा प्रस्तुत गरेको प्रगती प्रतिवेदन वासका कार्यकारी निर्देशक नमस्कार शाहले प्रस्तुत गरेका थिए भने आर्थिक प्रतिवेदन वासका केन्द्रीय कार्य वाहक कोषाध्यक्ष दिला शाहले प्रस्तुत गरेका थिए । यसरी प्रस्तुत गरिएको प्रतिबेदन माथि बन्द सत्रमा छलफल पश्चात सर्व सम्मतिबाट अनुमोदन गरिएको थियो । कार्यक्रममा बोल्दै कार्यक्रममा प्रमुख अतिथि खजुरा गाउँपालिकाका अध्यक्ष किस्मत कुमार कक्षपतिले समाज परिवर्तनको सवालमा बासको इतिहास अन्य संस्थाहरुको तुलनामा पृथक रहेको बताएका थिए ।

सुशासन स्थापनाका लागि देशभरी युवा परिचालन गर्नु बासको सफलता रहेको उनको भनाई थियो । वासले सुशासनको अभियानसँगै कोभिड १९ को समयमा आफ्नो बलियो उपस्थिति प्रस्तुत गरेर सबै सामु अब्बल सावित गरेको उनको भनाइ थियो । उनले देशभरी सञ्चालित विकास निर्माणमा समेत बासले खवरदारी गर्न उनले अपिल गरेका थिए । कार्यक्रममा बोल्दै बासका संस्थापक सल्लाहकार रुद्र प्रसाद तिमिल्सिनाले राष्ट्रिय सोच बोकेर युवाहरुले अभियान सञ्चालन गर्ने संस्था बिरलै हुने भन्दै त्यस मध्ये बास रहेको उनले बताए । वासले सामाजिक क्षेत्रमा गरेको योगदान सह्रानिय रहेको उनको भनाई थियो । यसै गरी कार्यक्रममा बोल्दै गैरसरकारी संस्था महासंघ बाँकेका सचिव आषिश वर्माले युवाहरुको सिर्जनशिलता र निरन्तरता वासको सफलता रहेको भन्दै त्यसलाई थप सशक्त रुपमा अगाडी बढाउन अपिल गरेका थिए । कार्यक्रममा सामुदायिक प्रहरी सेवा केन्द्र नेपालगन्जका अध्यक्ष दिपेन्द्र कुमार जोशी, नारी विकास केन्द्र खजुराका अध्यक्ष मिना श्रेष्ठ, बासका पूर्व सचिव ओबिराज आचार्य लगायतले आ-आफना शुभकामना राखेका थिए ।

वासका केन्द्रीय महासचिव शिव कुमार वर्माले सञ्चालन गरेको कार्यक्रममा स्वागत बासका निर्वतमान अध्यक्ष मन भण्डारीले गरेका थिए । कार्यक्रमकाबीच वासले सक्रिय सदस्यता प्राप्त गरेका सदस्यहरुलाई सक्रिय सदस्यता वितरण गरेका थिए भने बर्दियाको ठाकुरद्धारामा भएको समिक्षा बैठकमा उत्कृष्ट प्रस्तुतीकरण गर्ने वासका कार्यक्रम संयोजक रबिन्द्र बोहरा, लेखा अधिकृत दिपा चौधरी र सिएफए जश्मिन शाह तथा एकल नृत्यमा उत्कृष्टता हासिल गर्ने कर्मचारी इब्राहिम खान र आस्ना चौधरीलाई प्रमाण-पत्र र नगद प्रदान गरिएको थियो । साधारण सभा तथा सामाजिक परीक्षणकाबीच वासले कोभिड १९ को समयमा गरेको मास्क अभियान र कोभिड १९ प्रतिकार्यमा भएको आम्दानी तथा खर्च सार्वजनिकीकरण गरी साधारण सभाबाट पारित गरिएको थियो ।

## दार्चुला तुइन प्रकरण

# कूटनीतिक पहल गर्न परराष्ट्रलाई गृहको पत्र

काठमाडौं/मस-महाकाली नदी पार गर्ने क्रममा भारतीय सशस्त्र सीमा बल 'एसएसबी'का जवानले तुइनको लट्ठा खुस्काइदिएपछि नेपालीको मृत्यु भएको विषयमा गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई पत्राचार गरेको छ । लट्ठा खुस्काउँदा नेपाली युवा जयसिंह धामी बेपत्ता भएको घटनाको अनुसन्धान र पीडितलाई उचित क्षतिपूर्ति भराउने गरी भारतसँग कूटनीतिक पहलका लागि गृहले पत्र पठाएको हो । कूटनीतिक पहलका लागि गरिने विषयबारे आन्तरिक समीक्षा, परामर्शपछि गृहले परराष्ट्रलाई पत्राचार गरेको हो ।

सहसचिव जनार्दन गौतमको संयोजकत्वमा गठिन छानविन समितिले एसएसबीका जवानले तुइनको लट्ठा खुस्काएका कारण उक्त घटना भएको भन्दै अपराधमा संलग्नलाई भारतबाटै अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउन र धामीका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति दिलाउन कूटनीतिक पहल अघि बढाउन सुझाव दिएको थियो ।

गत साउन १५ गते भारतको पाङला गाउँ नजिकै गस्कु इलाकामा खटिएका एसएसबीका जवानले लट्ठा खुस्काउँदा दार्चुला ब्यास गाउँपालिका-२ का ३३ वर्षीय धामी महाकालीमा खसेर बेपत्ता भएका थिए । उनको अवस्था अहिलेसम्म अज्ञात छ । घटनापछि गृह मन्त्रालयले साउन १७ गते छानविन समिति गठन गरेको थियो । समितिले मंगलबार मात्रै गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिवेदन बुझाएको थियो ।

**सत्यतथ्य सार्वजनिक गर्न एमालेको माग**

नेकपा (एमाले)ले जयसिंह धामी बेपत्ता भएको तुइन घटनाका सम्बन्धमा बुझाइएको प्रतिवेदन अस्पष्ट रहेकाले सत्यतथ्य सार्वजनिक गर्न माग गरेको छ । एमालेका प्रवक्ता प्रदीप ज्ञवालीले बिहीबार विज्ञप्ति जारी गर्दै घटनाका सम्बन्धमा प्रतिवेदन बुझाइएकोले त्यससम्बन्धी सत्यतथ्य सार्वजनिक गर्न माग गरेका हुन् । उनले दोषीलाई कारवाही र पीडित परिवारलाई न्याय सुनिश्चित गर्न मागसमेत गरेका छन् । धामीका सम्बन्धमा गृहमन्त्रालयका सहसचिव जनार्दन गौतमको संयोजत्वमा गठित छानविन समितिले यही १५ भदौमा गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिवेदन बुझाएको थियो ।


## सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## सानीभेरी गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन तथा बिक्री सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।०५।१८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) एवं सानीभेरी गाउँपालिका गाउँकार्यपालिकाको मिती २०७८।०५।१६ गते को निर्णय बमोजिम आर्थिक वर्ष २०७८।०७९ को लागि यस कार्यालयले तोकेको दर रेटको आधारमा वार्षिक न्यूनतम रकम बाट बढाबढ हुने गरी सानीभेरी गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले सोको लागि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र बोलपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीबाट निम्नलिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्ममा नवीकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गरी रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम अङ्क (VAT बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| 01/SRM/078/079 | हासिबाङ देखि सिम्लीखोला खण्ड | ४००,००० | रु.२०,००,०००। बीस लाख रुपैंया । | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 02/SRM/078/079 | बाहुनीखेत देखि चाइनाबगर खण्ड | १६०,००० | रु. ८,०००००। आठ लाख रुपैंया । | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 03/SRM/078/079 | गिठाकोटखोला देखि सिस्ने खोला खण्ड | २००,००० | रु. १०,०००००। दश लाख रुपैंया । | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 04/SRM/078/079 | छोटेबगर देखि स्यालेबगर खण्ड | १६०,००० | रु. ८,०००००। आठ लाख रुपैंया । | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 05/SRM/078/079 | नायखोला देखि रिम्ना दो भान खण्ड | १४०,००० | रु ७,०००००। सात लाख रुपैंया । | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 06/SRM/078/079 | मैतीलोटे देखि वेल्टापु खण्ड | २००,००० | रु. १०,०००००। दश लाख रुपैंया । | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |

**बोलपत्र सम्बन्धी सर्तहरु**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्राविधिक शाखाबाट खरिद गर्न सकिनेछ र फाराम दस्तुर सनराइज बैंक सानीभेरी शाखाको आन्तरिक राजश्व खाता नम्बर ०७७०५३०७८७७०३००९ जम्मा गरेको बैंक सक्कल भौचर पेश गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु ३१औं दिन दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता र सोही दिन १:०० बजे यस कार्यालयमा बोलपत्र दाताको रोहबरमा खोलिनेछ । बोलपत्र दाताहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरु बोलपत्रदाता स्वयं वा रित पूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।
३. बोलपत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि करको प्रमाणपत्र तथा आर्थिक वर्ष २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गर्नुपर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र बोलपत्र दस्तुर वापत नगदै तिरेको रसिद वा बैंक जम्मा भौचर पेश गर्नुपर्नेछ ।
४. बोलपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेखी कम्तीमा ५% प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको सानीभेरी शाखाको सनराइज बैंकमा रहेको खाता नम्बर ०७७०५३०७८७७०३००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा सोहि रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दी बोलपत्रका साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकम अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।
५. यसपूर्व यस कार्यालयबाट कुनैपनि ठेक्का लिएर रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन । तर बोलपत्र पेश गर्नु भन्दा अगावै फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन ।
६. बोलपत्र स्वीकृत भई सकेपछि बोलपत्र दाताले मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७९ श्रावण मसान्तसम्म म्याद भएको रितपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ ।
७. स्वीकृत ठेक्का अंकलाई दुई चरणमा विभाजन गरिएको छ । पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशतमध्ये पहिलो किस्ता ६० प्रतिशत सम्झौताको बखत नगद दाखिला गरी र बाँकी ४० प्रतिशतको हकमा जमानत बापत नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक ग्यारेन्टी (Performance Bond) पेश गर्नुपर्नेछ ४० प्रतिशत र कमको किस्ता सम्झौता समयभित्र दाखिला गर्नुपर्ने छ ।
८. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनकालागि लोडर, डोजर, एक्साभेटर जेसिवि र ६ चक्के टायर भएका भन्दा हेवि इक्विप्मेन्ट प्रयोग गर्न मिल्ने छैन ।
९. ढुंगा गिट्टी बालुवा लगायत अन्य प्राकृतिक स्रोत साधनको उत्खनन तथा संकलन कार्य बेलुका सूर्यास्त देखि बिहान सूर्योदय सम्म गर्न पाइने छैन ।
१०. प्राकृतिक स्रोत साधनको उपयोग तथा बिक्री वितरण संकलन गर्ने प्रयोजनका लागि गाउँकार्यपालिका कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ । साथै स्थानीय तहबाट निकासी गरी नदीजन्य पदार्थको निकासी कर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ ।
११. उत्खनन गरिएको नदीजन्य पदार्थ खोलाको किनार वा सार्वजनिक स्थलमा घटगद्धि गर्न पाइने छैन । त्यसका लागि बोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नुपर्नेछ ।
१२. कुनैपनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दाबी गर्न पाइने छैन । नदीजन्य पदार्थ उत्खनन संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र दाताले व्यवस्थापन गर्नुपर्नेछ ।
१३. माथि उल्लेखित शर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट असुलउपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइने छ । साथै असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपुर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**भूपाल सिं विष्ट**
**प्रमुख प्रशासकीय अधिकृत**


## शुरू...

यसबाहेक मनोनित हुनेको संख्या थप रहेको छ । त्यस्तै देशभरका वडाबाट एक लाख १४ हजार ५७५ क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन् ।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले बाँकी २१ जिल्लाको क्रियाशील सदस्यता नामावली क्रमशः प्रकाशित हुँदै जाने र यही भदौ २७ गते निर्धारित गाउँ/नगरपालिका अधिवेशनसम्म सबै वडाको अधिवेशन सम्पन्न हुने बताए । कांग्रेसको सूचना सञ्चार तथा प्रचार विभागले वडा अधिवेशन आवश्यक प्रक्रिया तथा अन्य सूचनाबारेमा सुसूचित गर्न दृश्य सामग्री प्रसारण गरेको छ ।

कांग्रेसको विधानमा टोल, वडा, गाउँपालिका/नगरपालिका, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमिति गरी आठ तहगत पार्टी संरचनाका व्यवस्था गरिएको छ ।

कांग्रेसले १४ औं महाधिवेशनअन्तर्गत गाउँ/नगर वडा अधिवेशन यही भदौ १८ गते, गाउँ/नगरपालिका अधिवेशन भदौ २७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकेको छ । यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मंसिर ९ देखि १३ गतेसम्म तय गरेको छ ।

## प्रन्या...

पनि रोकिएको छ । आदेशमा प्रधानन्यायाधीश संवैधानिक इजलासमा बस्न नहुने कारणसहितको लिखित जवाफ १५ दिनभित्र पेश गर्न र राष्ट्रिय महत्वको विषय भएको हुनाले लिखित जवाफ परेको तेस्रो दिनमा पेसी चढाउन आदेशमा भनिएको छ । संवैधानिक विषयको महत्वलाई ध्यानमा राखेर सर्वोच्च बार र नेपाल बार एसोसिएसनबाट दुई/दुई जना वरिष्ठ अधिवक्ता अदालतको सहयोगी (एमीकस क्युरी) उपस्थिति गराउन आदेशमा भनिएको छ ।

अधिवक्ता डा गणेश रेग्मीले नेपालको संविधानअनुसार प्रधानन्यायाधीश संवैधानिक इजलासमा बस्न पाउनुपर्ने आदेशको माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो । उक्त रिट निवेदनमाथिको सुनुवाइपछि अदालतले सो आदेश जारी गरेको हो ।

## एनआरएनएको ...

दिँदै कोरोना भाइरस महामारीको क्रममा प्रतिकुलताका बीच पनि धेरै काम गरेको भन्दै त्यसले गैर आवासीय नेपाली संघको प्रतिष्ठा मलेसियामा उच्च बनाएको उनले बताए । भट्टराईले प्रतिकुलताका बीच पनि कोभिडको समयमा ६ हजार ३ सयभन्दा बढी नेपालीलाई राहत तथा उद्धार गरेको, जेलमा रहेका ७० जनाभन्दा बढीलाई स्वदेश फर्काएको, आफ्नो नेतृत्वमा १५ लाख रुपैयाँ संकलन गरी कल्याणकारी कोष बनाएको, एनआरएनए मलेसियाको स्थापना गरेको फेहरिस्त प्रस्तुत गरे । उनले भने, 'गर्नुपर्ने धेरै काम कोभिडका कारण बाँकी छन्, अब डिआरसी पदमा विजयी भएपछि कामदारका मुद्दा समाधान गर्न संस्थागतरुपमा सकिन्छ भन्ने विश्वास छ ।'

आफ्नो उम्मेद्वारीप्रति एनआरएन मलेसियाको वर्तमान कार्यसमितिले सर्वसम्मत समर्थन जनाएको र एसिया प्यासिफिक क्षेत्रबाट पनि मत आउने भएकाले जित सुनिश्चित भएको पनि उनले बताए ।

दुई उपसंयोजक पदमा निर्वाचन हुने एसिया प्यासिफिक क्षेत्रमा मलेसियाबाट नै विश्व राईले उम्मेदवारी घोषणा गरेका छन् ।

पत्रकार सम्मेलनमा ९ वटा प्रतिवद्धताहरु सार्वजनिक गरेका भट्टराईले हरेक गतिविधिहरुलाई कामदारमैत्री बनाई व्यापारिक तथा आर्थिक सम्बन्ध विस्तार गर्न पहल गरिने, कोभिडका कारण रोजगार गुमाएका वा समस्यामा परेका, विरामी तथा जेलमा रहेका नेपालीलाई निःशुल्क स्वदेश पठाउन, रोजगारका लागि पहल गर्न तथा सहयोगका लागि पहल गरिने प्रतिवद्धता जनाएका छन् ।

त्यसैगरी उनले नेपाली कामदारका अन्य प्रमुख श्रम गन्तव्य मलेसियासहित जापान, दक्षिण कोरियालगायतका देशमा रहेका नेपाली कामदारहरुलाई फाइदा पुग्ने गरी रोजगारी सहज बनाउन पहल गर्ने बताए ।


उनले नेपाली कामदार जाने देशमा हवाई टिकट महँगो भएकाले सस्तो र सुलभ बनाउन पहल गर्नेलगायतका प्रतिबद्धता सार्वजनिक गरे । करिब ३ लाखको हाराहारीमा नेपाली कामदार रहेको मलेसियामा कोरोना भाइरसको माहामारीपछि करिब ६० हजार नेपाली स्वदेश फर्किएको बताए ।

## अफगानिस्तानबाट...

गरी व्यवस्थापन गरिएको छ । अफगानिस्तानमा रहेकाहरूलाई कन्सुलर सेवा विभागको वेबसाइटमा रहेको 'अनलाइन पोर्टल' तथा विभाग, परराष्ट्र मन्त्रालय, मन्त्रालयको 'सिचुएशन रुम' र नयाँदिल्लीस्थित नेपाली दूतावासमा आफ्नो नामसहितको विवरण दर्ता गराउन पनि मन्त्रालयले अनुरोध गरिएको छ । उता बैतडीका एक नेपालीको मलेसियामा मृत्यु भएको छ । मृत्यु हुनेमा बैतडीको दोगडाकेदार गाउँपालिका-४ श्रीकेदारका ३३ वर्षीय गोपालसिंह बिष्ट रहेका छन् ।

सेक्युरिटी गार्डका रुपमा कार्यरत रहेका बिष्टको ड्युटीमा खटिएकै बेला मृत्यु भएको त्यहाँबाट दिनेश खड्काले जानकारी दिए । कावालान केशलामातान अनुग्रह सेक्युरिटी कम्पनीमा कार्यरत रहेका बिष्ट केलाङ लामा रोडमा ड्युटीमा खटिएका थिए । बुधबार खाना खाएर ड्युटीमै रहेका बेला एक्कासी ढलेका र ढलेको एकछिनमै उनको मृत्यु भएको खड्काको भनाइ छ ।

बिष्टको के कारण मृत्यु भयो भन्ने खुल्न सकेको छैन । उनको शव परीक्षणका लागि क्वालालम्पुर अस्पतालमा राखिएको छ । बिष्टको कोरोना परीक्षणपश्चात शव परीक्षण गरिने जनाइएको छ । रोजगारीका लागि उनी तीन वर्ष अगाडि प्रोफेसनल म्यानपावर कम्पनीमार्फत मलेसिया गएका थिए ।



आन्तरिक पर्यटन

काठमाडौं पशुपति क्षेत्रको बाग्मती नदीमा र्‍याफ्टिङ गर्दै स्थानीय पर्यटक।
तस्बिरः दिपेन्द्र श्रेष्ठ

# कोभिडका कारण रगतको उच्च माग, भ्याक्सिनले गर्दा संकलनमा अवरोध

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, १७ भदौ




कोरोनाका कारण भक्तपुरका रेडक्रसद्वारा सञ्चालित रक्तसंचार सेवामा रगतको माग उच्च छ। तर कोरोनाको खोप लिएका रक्तदाताहरुले दुई हप्तासम्म रगत दान दिन नमिल्ने भएका कारण रगत अभाव भएको भक्तपुर रेडक्रसका शाखा प्रमुख उमा थापाले बताइन्।

थापाका अनुसार अहिले रगतको माग उच्च छ तर माग पूरा गर्न सकिएको छैन। मागको आधा ५० प्रतिशत रगत मात्र पुर्ति भैरहेको उनले बताइन्। रेडक्रसले विभिन्न सहयोगी संस्थासँग सहकार्य गरी कार्यक्रम संचालन गरी रगत संकलन गर्ने गरेको थियो। तर कोरोनाका कारण रक्तदान कार्यक्रम संचालन गर्न नसकिएको, रगत संकलनमा कमी आएको र दाताहरुले पनि कोरोनाविरुद्धको खोपका कारण दान दिन नसकेकाले रगत अभाव भएको उनले बताइन्।

थापाले मानिसहरुमा चेतनाको कमी रहेकाले सीमित रक्तदाताहरुले मात्र रगत दान गर्ने र माग चाहिँ बढी भएकाले जनचेतनासहितको रक्तदान कार्यक्रम सञ्चालन गरिरहेको बताइन्। कोही रक्तदाताहरुले आफुले दान गरेको रगत खोज्न आउने र निःशुल्करुपमा पाउनुपर्ने जिकिर गर्छन्, त्यस्ता बिरामीको परिवारलाई राम्रोसँग बुझाएर पठाउने गरिएको उनले बताइन्।

दाताले दान गरेको रगत एच.आई.भी, एच.पि.बी, हेपाचार्ट, र विभिन्न समूहमा छुट्याएर मात्र मेसिनमा भण्डारण हुने गर्छ। मेसिनमा पुगेपछि एण्टीसेरा प्रयोग गरी रगतलाई सुरक्षित राखिने भएकाले रगतको न्यून शुल्क लिने गरेको थापा बताउँछिन्। भक्तपुर शाखाबाट गत वर्ष ४० हजार ८ सय ९१ पिन्ट रगत बिरामीहरुलाई वितरण गरेको तथ्यांक छ। यो अघिल्लो वर्षको भन्दा कम हो। भक्तपुर रक्तसंचारका इन्चार्ज प्रेम अधिकारीका अनुसार अस्पतालहरुले चाहिनेभन्दा बढी रगत बिरामीका आफन्तसँग मगाउने र उपयोग नभएका रगत फिर्ता नगर्ने भएकाले पनि रगत अभाव बढी देखिएको हो।

# सिद्धार्थ राजमार्ग अन्तर्गत तानसेन-बुटवल सडक खण्ड दुई रात बन्द हुने


**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, १७ भदौ

सिद्धार्थ राजमार्ग अन्तर्गत तानसेन-८, डुम्रेमा खसेको पहिरो हटाउन दुई रात साँझ ७ बजेदेखि बिहान ६ बजेसम्म बाटो बन्द हुने भएको छ।

सिद्धार्थ राजमार्ग बिहीबार साँझ ७ बजेदेखि अर्को दिन बिहान ६ बजेसम्म र शुक्रबार साँझ ७ बजेदेखि अर्को दिन बिहान ५ बजेसम्म बाटोको पहिरो हटाउन बाटो बन्द गर्न लागिएको हो।

सिद्धार्थ राजमार्गमा खसेको पहिरो हटाउनको लागि बाटो बन्द गर्न सडक डिभिजन कार्यालयबाट अनुरोध भई आएकाले पाल्पाका प्रमुख जिल्ला अधिकारी योगेन्द्रप्रसाद पाण्डेको अध्यक्षतामा बैठक बसी निर्णय गरिएको हो।

दुई रात एम्बुलेन्सबाहेक अन्य सवारीसाधन संचालनमा रोक लगाएको पाल्पाका सहायक प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेले बताए।उक्त क्षेत्रको पहिरो नहटाउदा थप क्षति हुन सक्ने भएकाले तत्काल पहिरो हटाउन बाटो बन्द



गर्नुपरेको पाल्पाका प्रमुख जिल्ला अधिकारी पाण्डेले बताए। दुबैतर्फीको सडक सुचारू नहुँदा सवारीसाधन निर्बाध संचालनमा समेत समस्या आएको प्रहरी उपरीक्षक सन्तोषकुमार भट्टराईले बताए।

पहिरो हटाएपछि मात्र सवारी निर्बाध रुपमा चल्ने र उक्त क्षेत्रमा पहिरोको जोखिम कम हुने उनले बताए। प्रशासनले बिहीबार रातिदेखि बिहान ६ बजेसम्म र शुक्रबार रातिदेखि शनिबार बिहान ६ बजेसम्म सवारीसाधन संचालनमा नगर्न सबैलाई अनुरोध समेत गरेको छ।

## सुनसरी डायरी

**तेजबहादुर बन/मध्यान्ह**

# एमाले सुन्दरहरैंचाको विस्तारित बैठक पार्टी विभाजनले कुनै असर नपार्ने



नेकपा एमाले सुन्दरहरैंचा नगर कमिटीको विस्तारित बैठक विराटचोकमा सम्पन्न भएको छ। विराटचोकमा यही भदौ २० गते हुन लागिरहेको जिल्लास्तरीय कार्यकर्ता भेलालाई मध्यनजर गरेर आयोजना गरिएको नगरको विस्तारित बैठकमा पर्टी विभाजनपछिको पछिल्लो अवस्थाको बारेमा समेत छलफल भएको छ।

बैठकमा सुन्दरहरैंचा नगरपालिकाका सबै वडाका शाखा कमिटीका प्रतिनिधिहरुले आ-आफ्नो वडाको गतिविधि र वडामा पार्टीको अवस्थाका बारेमा नेतृत्वलाई जानकारी गराएका थिए। जस अनुसार अधिकांश शाखा कमिटीका प्रतिनिधिहरुले वडामा पार्टी सदस्यता नवीकरणको काम अन्तिम चरणमा पुगेको तथा पार्टी विभाजनले वडामा कुनै प्रभाव नपरेको जानकारी गराएका थिए।

नेकपा एमाले मोरङ जिल्ला कमिटी अध्यक्ष ऋषिकेश पोखरेलको प्रमुख आतिथ्यतामा भएको विस्तारित बैठकमा मोरङ जिल्ला सचिवालय सदस्य तथा प्रदेश १ का पूर्वराज्यमन्त्री राजकुमार ओझा, एमाले नेतृ तथा सुन्दरहरैंचा नगरपालिका उपप्रमुख धनमाया तामाङ, नेताहरु बाबुराम कार्की, अजम्बर राई, नागेश पोखरेल, अर्जुनराज अधिकारी लगायतको उपस्थिति रहेको थियो।

बैठकलाई सम्बोधन गर्दै अध्यक्ष पोखरेलले पार्टी फुटको असर मोरङ जिल्लामा निकै न्यून परेको भन्दै चिन्ता लिनुपर्ने अवस्था नहरेको जानकारी दिए।

मोरङ रंगेली, कानेपोखरी, मिक्लाजुङ लगायतका स्थानीय तहमा तत्कालीन नेकपाको सिंगो टिम नै नेकपा एमालेमा समाहित भएको तथा अन्य स्थानीय तहबाट समेत २,३ जनाको संख्यामा मात्र माधव नेपालको पार्टीमा गएकाले चिन्ता लिनुपर्ने अवस्था नरहेको उनले बताए।

अध्यक्षा पोखरेलले माओवादीसँगको पार्टी एकताका नाममा नेकपा एमाले पार्टी निश्कृय जस्तो अवस्थामा रहेकाले अब वडा, नगर, जिल्ला हुँदै केन्द्रको महाधिवेशन पश्चात मात्र पार्टी जीवन्त बन्ने भन्दै त्यसतर्फ लाग्न नेता कार्यकर्ताहरुलाई आग्रह गरे।

बैठकमा मोरङ जिल्ला सचिवालय सदस्य तथा प्रदेश १ का पूर्वराज्यमन्त्री राजकुमार ओझाले समेत पार्टी फुटेको नभई चोइटिएकाले यसबाट पार्टीलाई खासै क्षति नपुगेको बताए। अब सुन्दरहरैंचामा आगामी स्थानीय तहको निर्वाचनमा सबै वडासहित नगर प्रमुख र उपप्रमुख लगायत सबै पदमा विजयी हुने गरी पार्टी पंक्तिलाई परिचालन गर्नुपर्नेमा उनले जोड दिए।

यस्तै एमाले नेता अजम्बर राईले नेतृत्व वर्गका साथ साथै पार्टीलाई चलायमान बनाउन कार्यकर्ताहरुले समेत आफ्नो ठाउँबाट योगदान दिनुपर्नेमा जोड दिए। बैठकमा विभिन्न शाखा कमिटीका प्रतिनिधिले उठाएका प्रश्नको नगर कमिटीका अध्यक्ष मातृकाप्रसाद ढकालले अन्त्यमा जवाफ दिएका थिए।

# सामूहिक माछापालनमा विप्लवका कार्यकर्ता



**कञ्चनपुर/मस–** पार्टीको खर्च धान्नका लागि नेपाल कम्युनिष्ट पार्टी (विप्लव) समूहका शुक्लाफाँटा नगरपालिकाका कार्यकर्ता सामूहिक माछापालनमा संलग्न भएका छन्।

दुईवटा पोखरी भाडामा लिएर पार्टीमा आबद्ध कार्यकर्ताले माछापालन व्यवसाय सुरु गरेका हुन्। नगरपालिकाको वडा नं ४ मा १६ कठ्ठा क्षेत्रफलमा फैलिएका दुई पोखरीमा माछापालनका लागि तीन हजार भुरा छाडिएको छ।

'माछापालन गरेबापत दुईवटै पोखरीको वर्षको रु ४० हजार भाडा दिने सम्झौता गरेका छौं' पार्टीका नगर इन्चार्ज धनबहादुर रानाले भने, 'माछापालन व्यवसाय अगाडि बढाउनका लागि खटिएका छौं।' पार्टीले चन्दा संकलनको कार्यलाई सहायक र सामूहिक उत्पादनलाई मुख्य बनाएपछि उत्पादन प्रणालीमा पार्टी कार्यकर्तालाई जोडेर लैजाने कार्य भइरहेको उनले बताए।

उनका अनुसार माछापालन कार्यका लागि ४० जना कार्यकर्ताको समूह निर्माण गरिएको छ। पोखरी व्यवस्थापन गर्ने, चारोको व्यवस्था गर्ने र बजारमा लगेर बिक्री गर्नका लागि अलग-अलग टोली निर्माण गरिएका छन्। माछापालनका लागि तोकिएको कार्य पार्टीका कार्यकर्ताले पालो मिलाएर काम गर्दै आएका छन्। माछापालनमा खटिने कार्यकर्तालाई पारिश्रमिक र पोखरी व्यवस्थापनका लागि केही रकम राखेर बाँकी रकम पार्टी सञ्चालनका लागि खर्च गर्ने योजना बनाइएको छ।

यसैगरी, शुक्लाफाँटा नगरपालिका ८ पिल्लरीफाँटामा दुई बिघा जग्गा भाडामा लिएर व्यावसायिक आलु खेती गर्ने योजना बनाइएको छ। नगर इन्चार्ज रानाले त्यसका लागि जग्गाको व्यवस्था भइसकेको बताए। आउँदो हिउँदमा आलु खेतीको कार्यलाई अगाडि बढाइने बताइएको छ। व्यावसायिक आलु खेती गर्नका लागि पार्टीका ५५ जना कार्यकर्ताको समूह निर्माण गरिएको छ।

# कोरोनाको 'रेड जोन'मा इटहरी : न अनुगमन, न सतर्कता

प्रशासनले निषेधाज्ञालाई खुकुलो बनाएसँगै सुनसरीमा दैनिक कोरोना भाइरस संक्रमितको संख्या हवात्तै बढेको पाइएको छ। कोरोनाबाट सुनसरीको १२ वटा स्थानीय तहहरूमध्ये सबैभन्दा बढी जोखिम इटहरी मानिएको छ।

प्रत्येक साता नयाँ संक्रमितको दर बढ्दै जानुले इटहरीलाई जोखिम र 'रेड जोन'को रूपमा लिन थालिएको छ। अघिल्लो साता ३०७ जना संक्रमित थपिएको इटहरीमा यो साता पुनः ३७१ जना नयाँ संक्रमित थपिएका छन्। योसँगै इटहरीमा सक्रिय संक्रमितको संख्या १२ सय नाघेको छ।

इटहरीमा अघिल्लो साता भदौ १ देखि ७ गतेको अवधिमा ३०७ जना नयाँ संक्रमित थपिएका थिए भने अहिले ९ देखि १६ गतेसम्मको विवरण अनुसार ३७१ जना नयाँ संक्रमित थपिएका छन्। यसरी थपिने नयाँ संक्रमितमध्ये धेरै जसो युवावर्ग रहेको इटहरी उपमहानगरपालिकाको सवास्थ्य शाखाले जनाएको छ। यो साता संक्रमणकै कारण इटहरीमा ४ जनाले ज्यान गुमाएको पनि स्वास्थ्य शाखाले जनाएको छ।

संक्रमणको दरलाइ हेर्ने हो भने सुनसरीको १२ वटा स्थानीय तहहरूमध्ये सबैभन्दा बढी संक्रमित र जोखिम इटहरी रहेको पाइएको छ। स्वास्थ्य मन्त्रालयको निर्देशन अनुसार सक्रिय संक्रमितको संख्या ५०० रहेको शहर वा जिल्लालाई 'रेड जोन'मा राख्ने गरिन्छ। यो हिसाबले इटहरी पनि संक्रमणको उच्च 'रेड जोन'मा रहेको मान्न सकिन्छ।

### छैन सतर्कता र अनुगमन

दैनिकरूपमा संक्रमणसँगै मृत्युदर बढ्दा पनि इटहरीमा सामान्य सुरक्षा सतर्कता अपनाइएको छैन। संक्रमणको मध्य अवस्था र बजारमा हुने कालोबजारीलाई मध्यनजर गर्दै साताव्यापीरूपमा बजार अनुगमन गर्ने भनिए पनि कागजमै सीमित बन्न पुगेको छ।

जिल्ला प्रसाशन कार्यालयले निषेधाज्ञा खुकुलो बनाएपनि सबै व्यवसायीहरूलाई अनिवार्यरूपमा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर मात्र व्यवसाय सुचारू गर्न आग्रह गर्दै आएको छ। तर इटहरीको हकमा भने त्यो कतै पनि लागू भएको पाइएको छैन।

व्यवसायीमात्र नभई नगरवासीहरूमा पनि अहिले लापरबाही बढ्न थालेको पाइएको छ।

नागरिकहरु घरबाट बाहिर निस्कदा बिना मास्क बजारमा हिँड्ने गरेका छन् भने सेनिटाइजरको प्रयोग पनि हुन छाडेको छ।

त्यस्तै दोश्रो जोखिममा परेको जिल्लाको अर्को स्थानीय तह धरान उपमहानगर हो। अघिल्लो साता १६० नयाँ संक्रमित थपिएका धरानमा यो साता पुनः १४२ जना नयाँ संक्रमित थपिएका छन्। योसँगै धरानमा सक्रिय संक्रमितको संख्या १ हजार नाघेको छ।

यो साता संक्रमणबाट धरानमा ३ जनाले ज्यान गुमाएका छन्। सुनसरीका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकाल यो साता जिल्लामा संक्रमणको दर घटेपनि जोखिम कायमै रहेकाले आफैंले सतर्कता अपनाउनुपर्ने बताए।

सक्रिय संक्रमितको संख्या ५०० नाघेका शहहरूमा भने उच्च सतर्कता अपनाउन स्थानीय तहहरूमा परिपत्र गरिसकेको प्रमुख जिलला अधिकारी ढकालले मध्यान्हलाई जानकारी दिए।

कतारमा रोजगारको अवसर
कम्पनीः FRAMES BEAUTY CENTER
शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२३२१ LT. No.: 244353

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | स. काममा दक्ष | 1700 | ५४,४५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २४ गते (9 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Sinamangal, Kathmandu
Phone : 9860049528, 9808840910, 9860924657 +977-1-4488231
Email: devudahal@gmail.com, info@skymanpower.com
Web Site : www.skymanpower.com
Govt. License

साउदीमा रोजगार
कम्पनीः DURRAT AL-MAKASIB BLOCK AND CONCRETE FACTORY.
शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२३१२ L.T. No.: 244612

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Vehicle Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १००००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Rightway Enterprises Pvt. Ltd.
Aalokngar Minbhawan, Kathmandu
Email: cv2hrdepart@gmail.com
Tel.: 01-4106275, 4106276 | Mob.: 9823859301, 985-1152281
Govt.Lic.No.: 517/061/062

कतारमा रोजगारको अवसर
१. कम्पनीः HIGH CLASS SERVICES
शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२३१० L.T. No.: 244767

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Services | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coffee Cook | 5 | 0 | | 1500 | ४८,०४५ | | | | | | | |
| 3. | Gen Clean Worker | 0 | 10 | | 1000 | ३२,०३० | | | | | | | |

२. कम्पनीः AL ASMAKH FACILITIES MANAGEMENT
शहरः QATAR
पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२३१७ L.T. No.: 244981

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 32 | 0 | स. काममा दक्ष | 1000 | ३२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः DEVISE TRADING AND CONTRACTING
शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२३२० L.T. No.: 244979

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 7 | 0 | स. काममा दक्ष | 1900 | ६०,८५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः IBRAHIM AL FAYAD TRAD CONT
शहरः QATAR
पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२३१९ L.T. No.: 244980

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1900 | ६०,८५७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २५ देखि असोज १ गते सम्म(10 to 17 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@gmail.com
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)

## सम्पादकीय

# दिनैपर्ने जवाफ

सत्तारूढ दल नेपाली काँग्रेसको केन्द्रीय मूख्यालय सानेपामा फेरि अर्को धर्ना शुरू भएको छ । बिहीबार देखि दलित समुदायका नेता तथा कार्यकर्ताहरूले धर्ना शुरू गरेका हुन् । केन्द्रीय सदस्य मीनबहादुर विश्वकर्माले राजीनामा दिएपछि केन्द्रीय कार्यालयमा दलित समुदायका नेता एवम् कार्यकर्ताले धर्ना शुरू गरेका छन् । विश्वकर्माले नेपाल दलित संघका केन्द्रीय अध्यक्ष एवम् पार्टी केन्द्रीय सदस्यबाट राजीनामा दिएका हुन् । विश्वकर्माले दलित समुदायको प्रतिनिधित्व हुनेगरी भएको निर्णय बिपरीत नेतृत्व अगाडि बढेको भन्दै राजीनामा दिएका थिए । १४औं महाधिवेशन शुरू हुन लाग्दा नेता विश्वकर्माले गरेको विद्रोह र धर्नाले काँग्रेस सामुन्ने गम्भीर प्रश्न सिर्जना भएको छ । जबकी काँग्रेसको अधिवेशन आजबाट शुरू हुँदैछ । देशभरका ६ हजार ७४२ वडामा वडा अधिवेशन हुने कार्यतालिका तय भएको छ ।

तर महाधिवेशन शुरू हुदै गर्दा दलित समुदायका नेता एवम् कार्यकर्ता भने केन्द्रीय मूख्यालयमा धर्ना बसेका छन् । मानबहादुर विश्वकर्मा र जीवन परियारको नेतृत्वमा शुरू भएको धर्नामा विभिन्न पाँच माग राखिएको छ । उनीहरूले न्यूनतम रूपमा क्षेत्रीय प्रतिनिधि वडाबाट एक महिला सहित तीन जना हुनुपर्ने, वडा, नगर, प्रदेश निर्वाचन कमिटी, क्षेत्रीय कमिटी, जिल्ला कमिटी लगायत सवै तहमा एक जना पदाधिकारी सहित दश प्रतिशत सहभागिता गराउनुपर्ने, प्रदेश प्रतिनिधिसभामा एक महिला सहित दुई जना अनिवार्य हुनुपर्ने, महाधिवेशन प्रतिनिधिमा एक महिला सहित दुई जना अनिवार्य हुनुपर्ने र हरेक निर्वाचन क्षेत्रमा कम्तिमा एक महासमिति सदस्य अनियवार्य हुनुपर्ने माग राखिएका छन् ।

माग पूरा नभए थप नेताहरूले पनि राजीनामा दिनुपर्ने दबाव बढेको छ । धर्ना सम्बोधन गर्नुपर्ने बाध्यतामा प्रधानमन्त्री एवम् सभापति शेरबहादुर देउवा परेका छन् । किनकि यसबेला देउवा पार्टी सभापति मात्रै होइनन् । उनी कार्यकारी प्रमुख पनि हुन् । कार्यकारी प्रमुख हुनुको अर्थ संविधान कार्यान्वयन देउवाको कर्तव्य हो । अझ सदियौं देखि जन्मका आधारमा गरिदै आएका दलित समुदायलाई नेतृत्वमा ल्याउनु काँग्रेस जस्तो लोकतन्त्रमा विश्वास गर्ने दलका निम्ति नैतिक बाध्यता पनि हो । किनकि संविधानले पीछडिएका समुदायलाई अगाडि बढाउन समावेशी एवम् समानुपातिक व्यवस्था गरेको छ । संविधान, कानूनले विभेदलाई दण्डनीय मानेपनि दलित समुदायमाथि भइरहेको ज्यादती रोक्न पनि काँग्रेसले यो धर्नाको सम्बोधन गर्नुपर्नेछ । दलित समुदायका नेता एवम् कार्यकर्ता धर्ना बसिरहँदा बलजफ्ती अगाडि बढेमा यसको सन्देश सकारात्मक जानेछैन ।

## सामाजिक सञ्जाल



राजनीतिका खास दुःख बल्ल सुरू हुँदैछन् । एमसीसीका उपाध्यक्ष र सहायक उपाध्यक्ष नेपाल आउने भएपछि दाहाल–नेपालले दबाब झेलेछन् भने सरकार खलास । अन्यथा एमसीसी पास गर्न ओली र देउवा एकैठाउँमा छन् । निर्वाचन पूर्व देउवा–ओली गठबन्धन सरकार बनेमा कुनै आश्चर्य नमान्न अनुरोध !

**- मुमाराम खनाल**



माल्दार मन्त्रालय नपाए झुन्डिएर मर्नसमेत तयार नेताले देश बनाउँछन् भनेर आश गर्नु बेकार छ । बालुवाटारमा राखी बाध्ने तर, आफ्नो नागरिक भारतीयले मार्दा प्रश्न नगर्ने उल्टै प्रतिवेदन दबाउने हुतिहारा सरकार/नेताको अब पछि लाग्ने होइन् । तिनलाई रछ्यानमा मिल्काउने समय आयो !

**- पुरू दुंगेल**



सुशील कोइरालाले भ्रष्टाचारबिरूद्ध शुन्य सहनशीलताको नारा घन्काए । नारामै सीमित भयो । केपी ओलीले भ्रष्टाचारीको मुखै हेर्दिन भने । ठट्यौलीमै सिमित भयो । शेरबहादुर देउवाले भ्रष्टाचारका काण्डहरूको छानबिन गर्ने भनेका छन् । न्युनतम साझा कार्यक्रममै सीमित नहोस् ।

**- धनराज गुरूङ**



एमसीसी सम्झौता अन्य विदेशी अनुदान जस्तै हो भन्नु भ्रम हो । यथार्थमा एमसीसी विकास सहयोगको आवरणमा अमेरिकाको सुरक्षा रणनीतिलगायत विकासशील देशमा आफ्नो प्रभुत्वको पक्षपोषण गर्ने माध्यम हो । सामान्य प्रकृतिको विकास सहयोग मात्र होईन ।

**- सुर्यराज आचार्य**



उता भारतले ६ सय ६८ ठाउँमा वर्षौदेखि राज गरेर बस्दा चुइँक्क नबोल्ने चीनसँग चाहिँ यति छिट्टै छानबिन समिति गठन गर्ने ! गर्ने भए एक साथ दुवे तिर गरौं । यदि मानेन भने अन्तर्राष्ट्रिय अदालतमा जाऔं । अरूको काधमा राखेर पड्काएको बन्दुकले निसाना लाग्दैन हो स्यालहरू ।

**- टिकाराम घिमिरे**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# जनशक्ति विकासका चुनौती

**मुलुकमा आवश्यक पर्ने जनशक्तिको पक्षमा कार्यसम्पादन गर्न नेपाल सरकार कार्यविभाजन नियमावली, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई प्राप्त कार्यदिश पर्याप्त छन् । तर कार्यपालिकाका शक्तिशाली निकायहरुको सहयोग, सहकार्य तथा समन्वयको अभावमा मन्त्रालय एक्लैले केही गर्न सक्दैन ।**



● ईश्वरीप्रसाद पोखरेल

नेपालमा जनशक्ति विकासका सन्दर्भमा वि.सं. २००७ सालदेखि ०७६ सालसम्म सरकारलाई दर्जनौं अध्ययन, अनुसन्धान गराइएका प्रतिवेदन तथा सिफारिसहरु प्राप्त भएका छन् । ती प्रतिवेदनहरुमध्ये श्रमबजार, रोजगारीका क्षेत्र र मुलुकलाई सबै विषय क्षेत्रमा जनशक्तिको आवश्यकता, पहिचान र प्रक्षेपणको अध्ययन गराइएको पहिलो प्रतिवेदन 'जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकास योजना तर्जुमा कार्यदल-२०७५' को प्रतिवेदन २०७६ असार १६ प्राप्त भएको देखिन्छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका मन्त्रीको अध्यक्षताको समितिले नेपाल सरकारलाई पेश गरेको उक्त प्रतिवेदन समयमा नै सार्वजनिक होला र यससम्बन्धी काम थालिएला भन्ने अपेक्षामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय दुई वर्षदेखि प्रतीक्षामा बसेको देखिन्छ । तर उक्त प्रतिवेदनमा सिफारिस जनशक्ति विकासका सन्दर्भित पक्षमा सरकारले के-के कमी, कमजोरी वा अपूर्णता देख्यो, न कुनै परिमार्जनको आदेश गऱ्यो, न त सार्वजनिक नै । गुपचुप राख्न चाह्यो र सार्वजनिक गर्न चाहेन भन्ने अनुमान गरिन्छ । किन सार्वजनिक भएन, प्रश्न कसले गर्ने ? सरकारबाट उत्तर आजका मितिसम्म पाइएको छैन ।

जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकास योजनासम्बन्धी विधिवत काम मन्त्रालयबाट अगाडि नबढेको अवस्था रह्यो । जनशक्तिसम्बन्धी कुनै काम अगाडि नबढेका कारण मन्त्रालयमा शाखा आकर्षक रहेन । फलत : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको जनशक्ति विकास योजना तथा समन्वय शाखा आफैं नेतृत्व विहिन हुन पुगेको रहेछ । कथित कर्मचारी समायोजनको राज्य ज्यादतीविरुद्ध उभिएको अभियोगमा झण्डै तीन वर्षको हाजिर र मासिक तलबको भागीदार सडक छापझैं बनाइएको यस पंक्तिकारलाई २०७७ पौष ९ गतेदेखि यो शाखाको जिम्मेवारीसहित सडकछापबाट मन्त्रालयको उपसचिव पदमा काम दिइयो ।

सार्वजनिक पदसोपान के हो ? शाखाको निर्धारण गर्दा जनशक्ति तथा कार्यविवरण कसरी तय गरिएको हुन्छ ? आजसम्म पनि जनशक्ति विकास योजना तथा समन्वय शाखाका हकमा मन्त्रालयबाट लागू गरिएको छैन । ०७७ पौष १७ बाट आफूले कार्यकक्ष पाएदेखि आजका मितिसम्म शाखा र उपसचिव आफैं पर्यायझैं भएको अवस्था छ । शाखामा पंक्तिकार बाहेक अर्को कुनै जनशक्ति छैन ।

शाखाको जिम्मेवारी सम्हालेको करीब डेढ महिनामा जनशक्ति विकासका सिद्धान्त तथा व्यवहारिक सबै पक्षको अध्ययन गरी आफूलाई विषय प्रवेश गराउन मन्त्रालयको नेतृत्व तथा स्वीकृतिमा ०७७ माघ २८ बाट मुलुकको जनशक्ति विकास सम्बन्धमा विधिवत छलफल र कार्यक्रम अगाडि बढाइयो । यसै सन्दर्भमा संघीय, प्रदेश तथा सात सय त्रिपन्न स्थानीय तहमा विषयगत जनशक्तिको आवश्यकता र उत्पादन सम्भावना विषयमा सूचना संकलन गर्न फाराम विकास गरियो । तर सबै स्थानीय तह, प्रदेशसहित तथा संघीय सबै कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र संवैधानिक आयोग निकायहरुमा पठाइएका ती फारामहरुको प्रत्युत्तर प्राप्ति र ती विषयमा समुचित काम कार्वाही व्यवस्थित हुन सकेको छैन । कोभिडको कारण यी कुनै निकायहरुबाट जनशक्ति विकाससम्बद्ध कुनै पनि प्रगतिका विचार आएका छैनन् र नतिजासित साक्षात्कार हुन पाइएको छैन तथा फलो अप गर्न पनि नैतिक बलले दिएको छैन ।

### जनशक्ति विकासमा मन्त्रालयका समस्याहरु

नेपालको राजनीति तथा प्रशासनिक मानसिक मान्यता तथा मनोवृत्ति विचित्रको छ । नेतृत्व लिँदा र दिँदा पनि मन्त्रालयगत कार्यभूमि र पहुँच तथा शक्तिको प्रयोग तथा अधिकारसम्बद्ध विषय क्षेत्रहरुले नेपालमा धेरै प्राथमिकता पाउँछन् । नेपाली मानसिक संस्कार तथा चरित्र शक्ति तथा सत्ताको आदेश, निर्देशमा चल्ने गर्दछ । बिडम्बना त के छ भने राजनीति वा प्रशासनिक क्षेत्रले समेत पद हैसियत, शक्ति र लाभ हानिको मूल्यांकन तथा सामर्थ्य हेरेर मात्र कार्य सम्पादन गर्ने, गराउने प्रवृत्ति उच्च छ । आफैं आत्मगत समीक्षा गरी इमान्दार भएर राजनैतिक तथा प्रशासनिक क्षेत्रमा अगुवाइ गरी कार्यसम्पादन गर्ने मानसिकता बिरलै पाइन्छ । यसर्थ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एक्लै मुलुकको जनशक्ति विकास सम्बन्धी कार्यसम्पादन गर्न कुनै पनि अर्थमा सम्भव हुँदैन । तसर्थ नीतिगत, कानुनी तथा व्यवहारगत कठिनाइ स्पष्ट भोगाइमा छ र समस्याहरु धेरै छन् तसर्थ कानूनी प्रबन्ध मुख्य खाँचो भएको छ ।

> मुलुकमा आवश्यक पर्ने जनशक्तिको पक्षमा कार्यसम्पादन गर्न नेपाल सरकार कार्यविभाजन नियमावली, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई प्राप्त कार्यदिश पर्याप्त छन् । तर कार्यपालिकाका शक्तिशाली निकायहरुको सहयोग, सहकार्य तथा समन्वयको अभावमा मन्त्रालय एक्लैले केही गर्न सक्दैन ।



### अन्यौलताको भूमरीमा जनशक्तिसम्बन्धी मुद्दा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जनशक्ति विकाससम्बन्धी राष्ट्रिय अन्यौलतालाई चिरेर तथा निकास दिएर गति लिन नसकी रहेको अवस्थामा महालेखा परीक्षकको विभागको प्रारम्भिक प्रतिवेदन –२०७७ ले घच्घच्चाउने काम गऱ्यो । उच्च शिक्षा क्षेत्रमा जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकास योजना शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नदिएका कारण नै ११ विश्वविद्यालय, ६ स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुमाथि गरिएको आर्थिक लगानीले प्रतिफल दिएन भन्ने आरोप लगायो । मन्त्रालयको उदासिनताबाट देशलाई आवश्यक पर्ने उपयुक्त जनशक्ति उत्पादन हुन नसकी उच्च शिक्षातर्फको आर्थिक लगानीले उचित प्रतिफल दिन नसकेको आरोप गम्भीर देखियो । यसर्थ महालेखा परीक्षकको विभागको प्रारम्भिक प्रतिवेदन २०७७ मा औंल्याइएको विषयलाई ध्यानमा राखी राष्ट्रिय जनशक्ति विकास निर्देशिका कार्यादेश नेपाल सरकारबाट जारी गर्न, गराउन मन्त्रालयले प्रारम्भिक कामको थालनी अगाडि बढाएको स्थिति छ । आशा छ, मुलुकको सामग्री जनशक्तिको आकंलन, विकास, उत्पादन, प्रयोगबाट देशको समृद्धिको कायापलटको योजना तयार गर्न विद्यमान अन्यौलताबाट मुक्त भएर मन्त्रालयले सही गति लिने छ र देशबाट जनशक्ति विकासको राजनैतिक मुद्दामा सदाका लागि विराम लाग्ने छ ।

### समन्वयकारी कानूनको व्यवस्था

मुलुकमा आवश्यक पर्ने जनशक्तिको पक्षमा कार्यसम्पादन गर्न नेपाल सरकार कार्यविभाजन नियमावली, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई प्राप्त कार्यादेश पर्याप्त छन् । तर कार्यपालिकाका शक्तिशाली निकायहरुको सहयोग, सहकार्य तथा समन्वयको अभावमा मन्त्रालय एक्लैले केही गर्न सक्दैन । तर न्यायपालिका, संवैधानिक आयोग, निकायहरुको फैसला वा आदेशात्मक निचोड नेपाल सरकार, सम्बद्ध मन्त्रालयका मुख्य बाध्यकारी प्रावधान हुन्छ । यसै सन्दर्भमा महालेखा परीक्षकको टिप्पणीलाई ध्यानमा राखी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यमान अवस्थामा राष्ट्रिय जनशक्ति विकास निर्देशिकालाई अगाडि बढाउन बहस थालेको छ ।

मुलुकमा हाल सञ्चालित र भविष्यमा स्थापना हुने विश्वविद्यालय - स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा शैक्षिक प्रतिष्ठान र विषयगत क्षेत्रका तालिम तथा प्रशिक्षण केन्द्रहरुलाई समेत समन्वय, सहकार्य तथा कार्यसम्पादनमा सहयोग गरी देशलाई आवश्यक पर्ने उपयुक्त जनशक्ति उत्पादन गर्ने सम्बन्धी नीतिगत व्यवस्था, ऐनकानुनको तर्जुमा, कार्यनीति, रणनीति निर्धारण तथा तात्कालीक सम्भावित कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन गर्न विधि, प्रक्रियासम्मत कार्यथालनी गर्न जनशक्ति विकास, प्रक्षेपणका लागि समन्वय, सहकार्य तथा कार्यसम्पादन नीतिगत, प्रशासनिक र प्राविधिक एवम् विषयगत कार्यसम्पादन गर्न विभिन्न विभागीय समितिहरुको स्थायी संरचनागत व्यवस्था हुनु अति आवश्यकता देखिन्छ ।

नेपाल सरकारको जनशक्ति विकाससम्बन्धी कार्यादेशको छुट्टै महत्वपूर्ण स्थान राख्ने कानूनी जनशक्ति विकास निर्देशिकाले कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, संवैधानिक आयोग तथा निकाय र सबै जनशक्ति विकास सम्बन्धी शैक्षिक संस्था तथा तालीम केन्द्रहरुसंग समन्वयकारी कानूनको व्यवस्था गर्ने विषयमा जनशक्ति विकासका योजनावद्ध नीति, कार्यक्रम तथा संरचनाहरु निर्माण सम्बन्धमा पद्धतिगत कानूनी बहसको मार्गका मन्त्रालय अगाडि बढेको छ ।

***(लेखक पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।)***

# अफगानिस्तान, नेपाल अनि तालिबान

**अमेरिकालाई सधैं केही न केही निहुँमा केही 'बिजनेस' चाहिन्छ ताकि आफूलाई केही न केहीमा सधैं इंगेज गराई राख्न सकियोस् र त्यो बिजनेस गर्न सकियोस् अनि सम्पूर्ण युरोप पनि आफूसँगै साथ भै रहोस् ।**



● प्रकाश ढकाल

आजको सामाजिक सञ्जालको दुनियाँमा हामीले इतिहास भुल्दैछौं । हामीलाई अहिले तुरुन्तै सामाजिक सञ्जालमा राम्रो अक्षरमा जे आउँछ त्यही सहि हो भन्ने लाग्छ तर सहि इतिहास पढियो भने र बुझ्यो भने जे देखिन्छ त्यो सहि नहुन सक्छ ।

अफगानिस्तानमा अमेरिकी सेना आयो, कारण थियो न्युयोर्क शहरका दुई जोडी भवन ध्वस्त पार्ने ओसामा बिन लादेनलाई अफगानिस्तानको तालेबान सरकारले शरण दिएको भन्ने । तर लादेन साउदी अरबका नागरिक थिए र तेल व्यापारी धनाढ्य थिए । त्यत्ति मात्र होइन कुनै समय अमेरिकाका विश्वास पात्र साथै अमेरिकी संस्था सि.आई.ए.बाट तालिम प्राप्त थिए बिन लादेन । अमेरिकाले लादेनलाई पाकिस्तानको एक घरमा फेला पारी विशेष फौज उतारि मारेको थियो ।

साउदी अरबको नागरिक लादेन जो पाकिस्तानमा भएको सूचना पाई अमेरिकी सेनाद्वारा गोली हानी मारियो । तर त्यही लादेनलाई कारण देखाई अमेरिकाले आफ्ना सेना परिचालन गरि विना कुनै कारण अफगानिस्तानमा २० वर्ष किन राज गर्यो त ? यो हो बुझ्न र बुझाउनुपर्ने कुरा छ ।

साउदी अरबलाई केही हुँदैन किनकी उ अमेरिकाको राम्रो मित्रराष्ट्र हो । अहिले पनि साउदी अरबको तेलमा अमेरिकालाई राज गर्नुछ अनि पाकिस्तान त अमेरिकाको सबैभन्दा बढी हतियार किन्ने साथी । अनि अफगानिस्तान बीचमा अचानो बन्नुपर्ने बिचरा ।

अहिले फेरि तालिबानले अफगानिस्तान कब्जा गरिसके, त्यो पनि नाटकीय रुपमा । अमेरिकालाई सधैं केही न केही निहुँमा केही 'बिजनेस' चाहिन्छ ताकि आफूलाई केही न केहीमा सधैं इंगेज गराई राख्न सकियोस् र त्यो बिजनेस पोलिसी लागु गर्न सकियोस् अनि सम्पूर्ण युरोप पनि आफूसँगै साथ भईरहोस् । साथै संसारका ठूला मिडिया सि.एन.एन, बीबीसीलगायतलाई पनि केही न केही मसला अर्थात् बिजनेस चाहि रहन्छ किनकि उनीहरूलाई पनि चल्नु छ । करिब डेढ वर्षदेखि कोभिडको मामलामा संसार अल्झियो, समाचारमा यही मात्र आईरह्यो । सबैलाई यसले व्यस्त बनायो तर, अब यो नियन्त्रणमा आइसक्यो । जब कोभिडको कुरा सकिन थाल्यो तब एक्कासी तालेबानको इस्यु आयो । अब यही कुरा सबैको बिजनेस बन्न सुरु भै सक्यो । अमेरिका, युरोप फेरि व्यस्त हुन थाले अनि बीबीसी र सि.एन.एन.लाई पनि काम फालाफाल हुन थाल्यो । यस्तो लाग्छ कि अब भ्याई नभ्याई छ सबैलाई । माथि भनेजस्तै केही न केही कुरामा आफूलाई व्यस्त राख्न फेरि यो इस्यु ल्याइएको हो ।

तालेबान एक समूह हो पार्टी होइन, धर्म गुरुलाई मात्र प्रधानमन्त्री र राष्ट्रपति जस्तो मान्ने, राजनीतिक दल नहुने, निर्वाचन नगर्ने अनि इस्लामीक कानून मात्र लागू गराउने कार्य गर्ने भएपछि देश कमजोर हुन्छ । त्यहाँका समूह कमजोर हुन्छन् । अनि अरू देशहरूले विश्वास पनि गर्दैनन् । त्यस ठाउँमा विदेशीले खेल्न सजिलो मान्छन् । त्यसैको सिकार अफगानिस्तान भएको थियो र शायद फेरि हुँदैछ । अमेरिकालाई हतियार बेच्नु छ । पुराना हतियार खिया लागि सके । त्यसको प्रयोग पनि गर्नुछ । अमेरिका अहिले एसिया केन्द्रित रणनीतिमा छ । साउथ चाइना समुद्रमा आफ्नो उपस्थिति बढाउँदै लगेको छ । जसरी हुन्छ चीनलाई काउण्टर दिने रणनीतिमा अमेरिका छ । पछिल्लो समय एसियामा बढ्दै गएको चीन र भारतको प्रभाव र दबदबा रोक्नुछ । एसियाका देशमा प्रभाव बढाई चीनलाई एक्लो बनाउने रणनीतिमा अमेरिका रहेको छ । अमेरिका युद्धमा छु भन्ने देखाउँछ तर, आफ्नो देशबाट कहिल्यै युद्ध लड्दैन अर्को देशमा आफ्ना सेना उतारि त तेस्रो देशसँग लडाइँ गर्छ । चाहे इराकमा होस्, चाहे सिरियामा, चाहे त्यो लिबियामा, उसले यही गर्यो ।

लाग्दैछ, कुनै न कुनै बहानामा अब अमेरिकाले नेपाललाई साथमा लिन प्रयास गर्नेछ । एमसीसी एक कारण हुनसक्छ । त्यसैले नेपालले सावधानीपूर्वक कदम चाल्नुपर्ने देखिन्छ । कमजोरमाथि सबैले दबाब दिन्छन् । पछिल्लो समय नेपाल निकै कमजोर देशको रुपमा रहेको छ । दुई तिहाई बहुमतको सरकार थेग्न सकेन देशले । यो भनेको राजनीतिक पार्टीहरू कमजोर हुनु हो । देशको प्रणाली कमजोर हुनु हो । पार्टीका महाधिवेशनहरू हुँदैनन् । साँच्चै भन्ने हो भने चरित्र र कार्यशैलीका हिसाबले नेपालका धेरै पार्टीहरू तालेबानभन्दा फरक छैनन् । यस्तो लाग्दैछ कि ढिलो या चाँडो नेपाल युद्धभूमि बन्न अफगानिस्तानको बाटोमा अघि बढिरहेको छ ।

कञ्चनपुर डायरी
गोमती पाल/मध्यान्ह

# कोरोना कहरः अनलाइनबाट गौरा विशेष कार्यक्रम



गुगुल्डि वाङमय प्रतिष्ठानको आयोजनामा दुई दिवसीय गौरा पर्व २०७८ विशेष कार्यक्रम अनलाइन माध्यमबाट गरिएको छ। कोरोनाजन्य परिस्थितिमा प्रत्यक्ष रूपमा कार्यक्रम गर्न असहज भएको अवस्थामा जुममार्फत संचालित कार्यक्रम प्रतिष्ठानका अध्यक्ष वीर बहादुर चन्द 'विश्राम'को अध्यक्षता सम्पन्न कार्यक्रममा पहिलो दिन ५८ जना र दोस्रो दिन ४० जना सहभागी भएका छन्।

गौरा पर्वका विविध पक्षबारे छलफल, जानकारी तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले संचालित कार्यक्रममा योग चौतारी नेपालका लवराज भट्टले प्राविधिक सहयोग तथा सहजीकरण गरेका थिए।

कार्यक्रममा प्राज्ञ आर डि प्रभास चटौत, कैलाली जन पुस्तकालयका अध्यक्ष टि एन जोशी, साहित्यकार पञ्चमराज भट्ट, आचार्य घनश्याम लेखक, योगगुरू लवराज भट्ट अतिथि एवम् प्रमुख वक्ता रहेका थिए।

गुगुल्डि वाङमय प्रतिष्ठानका सचिव जगदीश ओभा तथा सदस्य रमेश पन्त मीतबन्धुले सञ्चालन तथा सहजीकरण गरेको कार्यक्रममा गौरा पर्वका विविध विषय वस्तु अठेवाली, फाग, सगुन, लोकगाथा,ठाडो खेल, डेउडा, लोक प्रचलन, शास्त्रीय तथा वैज्ञानिक महत्व बारेमा राज्यलक्ष्मी चटौत, चन्द्रकला पन्त, शिवराज कलौनी, सरस्वती भाट, द्रौपदी चन्द, तीर्थराज भट्ट, लक्ष्मी पन्त, महेश प्रसाद पाण्डेय, दुर्गा देवी ओभा, कविराज भट्ट, प्रिती भट्ट, डा. पदमराज कलौनी, लोक बिक्रम मल्ल, विपिनचन्द्र ओभा, रघुनाथ जोशी, हिरा जोशी भट्ट लगायतका मन्तव्य एवम् प्रस्तुति गरेका छन्। कार्यक्रमको पहिलो दिन चन्द्रकला पन्त तथा दोस्रो दिन रमेश पन्त मीतबन्धुले कार्यक्रमको औचित्य सहित स्वागत गरेका थिए।

# बेलौरी नगरपालिकाका दुई अध्यक्षसहित ९ जनप्रतिनिधिले छाडे एमाले

बेलौरी नगरपालिकाका दुई वडा अध्यक्षसहित ९ जना जनप्रतिनिधिले नेकपा(एमाले) छाडेका छन्। उनीहरु नेकपा(एकीकृत समाजवादी) मा प्रवेश गरेका छन्।

बेलौरी नगरपालिका ९ का अध्यक्ष शम्शेर सिंह पेला र ८ का अध्यक्ष नन्द कुमार राना समाजवादीमा गएका छन्। उनीहरुसहित सबैले बिहीबार जिल्ला निर्वाचन कार्यालय कञ्चनपुरमा सनाखत गरेका छन्। स्थानीय तह निर्वाचनमा बेलौरीमा ४ वडामा एमालेले अध्यक्ष जितेको थियो। बेलौरी २ र ४ का वडा अध्यक्ष एमालेमै छन्। वडा अध्यक्षसँगै कार्यपालिका सदस्यहरु विनोद नेपाली, तुलसी श्रेष्ठ र धनबहादुर सार्कीले पनि एमाले छाडेका छन्। उनीहरुमध्ये नेपाली बेलौरी नगरपालिकाका नगर प्रवक्ता हुन्। बेलौरी नगरपालिका वडा नं. ३ का वडा सदस्य रामप्यारी विक, ९ का सदस्यहरु सुनादेवी दमाई र ८ का वडा सदस्य राजमान चौधरीले पनि एमाले छाडेर नेकपा (एकीकृत समाजवादी) राजेका छन्। बेलौरी नगरपालिकाको कार्यपालिकामा नेकपा एमालेका ११ सदस्य थिए। ५ जनाले नयाँ दल रोजेपछि एमाले ६ सदस्यमा पुगेको छ।

बेलौरी नगरपालिकाका प्रवक्ता नेपालीले विधि र विधान र कानुनी शासन स्थापनाका लागि आफूहरु एकीकृत समाजवादीमा लागेको बताए। 'हिजो सडकमा गएर विधि विधानका लागि आन्दोलन गरिएको हो, त्यसका लागि अहिले नयाँ दलमा गएका छौं' उनले भने। जिल्ला निर्वाचन कार्यालय कञ्चनपुरका नायब सुब्बा भान बहादुर महराले बेलौरी नगरपालिकाका ९ जना जनप्रतिनिधिले निर्वाचन कार्यालयमा आएर नेकपा(एकीकृत समाजवादी) का लागि सनाखत गरेको बताए।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०५/१८

यस कम्पनीको मिति २०७८/०१/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ओल्ड टासी देलेक टिबेटन रेष्टुरेण्ट एण्ड बार प्रा.लि. (प्रा.लि. नं. [illegible])** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०१/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **टासी देलेक शेर्पा रेष्टुरेण्ट एण्ड बार प्रा.लि.** कायम गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



## साउदीमा रोजगार | कम्पनी : JADDER COMPANY शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२२८७ LT. No.: 244859

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main Caterer | 5 | 0 | स. काममा दक्ष | 1400 | ४३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Al-karim Human Resources Pvt.ltd**
Chakrapath, Kathmandu, Tel 01-4421108, 4421056
Email : alkarimhumanresources2017@gmail.com, Website : www.alkarimhumaresources.com
श्रम इजाजत नं. ११८१/०७३/७४



## साउदीमा रोजगार | १. कम्पनी : BURAQ AL-KHAIR TRANSPORT AND STORAGE EAST. शहर: AL KHOBAR

पुर्व स्वीकृत मितिः २०७८/०४/११ चलानी नं.: ६०१६०६८३ LT. No.: 242852 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ABDUL MAJEED IBRAHIM ALI AL BAHOUTH RATION SERVICES EST. शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०८७/०५/०१ चलानी नं.: ६०१६१५६६ LT. No.: 243975 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Windows Cleaning Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Labour | 1 | 0 | | 1000 | ३१,१०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ भदौ २५ गते (9 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अरनिको ओभरसिज प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com
श्रम इजाजत नं. २६७/०५८/०५९



## SAUDI र UAE मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : ARCAZ INTERNATIONAL GENERAL CONTRACTING CORPORATION शहर: RIYADH

पूर्व स्वीकृत मितिः२०७८/०४/२६ चलानी नं.:६०१६१४२२ LT. No.: 243783 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : YORK INTERNATIONAL HOTEL शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७६/११/०७ चलानी नं.: ६०१५२००३ LT. No.: 233089 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 15 | 50 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Houskeeping | 5 | 30 | | 1200 | ३८,१०० | | | | | | | |
| 3. | Receptionist | 0 | 10 | | 1500 | ४७,६२५ | | | | | | | |
| 4. | Cashier | 0 | 10 | | 1500 | ४७,६२५ | | | | | | | |
| 5. | Chambermaid | 10 | 40 | | 1200 | ३८,१०० | | | | | | | |
| 6. | Cook | 5 | 0 | | 1500 | ४८,१०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**नाशा ह्यूमन रिसोर्स प्रा. लि.**
महाराजगंज, चक्रपथ-३, काठमाडौं, फोनः ०१- ४३७९६७७ मो:९८६९०७८९२८
श्रम इजाजत पत्र नं: ८३१/०६६/०६७



## QATAR मा रोजगार | कम्पनी : DOHA GATE FOR TRADING AND CONTRACTING CITY: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२३१२ LT. No.:244937

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1700 | ५४,४५१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**SAPTAKOSHI HUMAN RESOURCE PVT. LTD.**
Tilganga-9, Kathmandu Tel: +977- 1- 4483524, 4483525
Email: info@saptakoshihr.com
Gov. Lic No. 884/067/068



## साउदीमा रोजगारको अवसर | कम्पनी:SAUDI ARCHIRODON LTD. शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/०५/०८ चलानी नं.: ६०१६१८०० LT. No.: 244460 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Common Labor | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता अञ्जली टेर्निङ्ग सेन्टर, इटहरी, सुनसहरीमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अल अयुनी ओभरसिज सर्भिस प्रा. लि.**
पो.ब.नं. ३६२४, कोटेश्वर-३२ (CCRC College नजिक) काठमाडौं, फोन : ०१-५१००५०२
९८०३२१००४१, ९८१४७७८३७१, ९८१९७७९८६७, Email : cv@alayuni.com.np



## साउदीमा रोजगारको अवसर | कम्पनी : SAUDI NATIONAL EST. CO. LTD. शहर: DAMMAM

पुर्व स्वीकृत मितिः २०७६/१०/०९ चलानी नं.: ६०१५०४६० LT. No.: 231574 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 40 | 0 | स. काममा दक्ष | 1800 | ५५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**A.S. International Group Pvt. ltd.**
Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182
Email- asintldemand@gmail.com
Gov. lic. No. 1155/073/74



## साउदीमा रोजगार | १. कम्पनी : GULF SPECIALIST TRADING शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२२६६ LT. No.: 244431

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, सिनामंगल, काठमाडौंमा २०७८ भदौ २५ (10 September 2021) मा हुनेछ।

२. कम्पनी : MOFARREH MARZOUQ AL-HARBI & PARTNERS CO. LTD. शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०७८/०१/१९ चलानी नं.: ६०१५८२७४ LT. No.: 239711 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 26 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ordinary Worker | 10 | 0 | | 1000 | ३१,११० | | | | | | | |
| 3. | Driver of All Road Mechanisms | 16 | 0 | | 2500 | ७७,७५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, सिनामंगल, काठमाडौंमा २०७८ भदौ २६ (11 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np
श्रम ईजाजत पत्र नं. १७२/०५६/५७



## कतारमा रोजगारको अवसर | १. कम्पनी: QATAR STAINLESS STEEL शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१६ चलानी नं.: ६०१६२२७४ LT. No.:244540

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 4 | 0 | स. काममा दक्ष | 1800 | ५७,६५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ALQUT TRADING AND CONTRACTING शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१६ चलानी नं.: ६०१६२२७३ LT. No.:244539

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५१,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 2 | 0 | | 1000 | ३२,०३० | | | | | | | |
| 3. | MASON | 2 | 0 | | 1300 | ४१,६३९ | | | | | | | |
| 4. | Carpenter | 2 | 0 | | 1300 | ४१,६३९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**AAYUSH OVERSEAS PVT. LTD.**
Sinamangal-09, Kathmandu | Tel: 01-4112559, 4112586
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np
Govt.Lic.No. 1341/074/075


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Road
Federal Road Supervision & Monitoring Office
Road Division Pyuthan

## Notice of Intention to Award Contract

**Date of publication: 2021/09/03 (2078 Bhadra 18)**

This notice has been published to inform all concerned, including the bidders, about the Intention to Award Contract regarding the following contracts published on www.bolpatra.gov.np/egp dated on 2021/08/01 in accordance with Public Procurement Act, 2063 Clause 27(2) and Clause 47.

| SN | Contract no. | Description of Works | Name and Address of the Successful bidder | Accepted Bid Amount Including VAT & PS |
|---|---|---|---|---|
| 1 | RDPTN/337310113/078/79-01 | Reactive Maintenance Works along Chakchake - Khalanga Road (Ch 0+000 to 25+000) Pyuthan | M/S Kasyap Nirman Sewa, Dang | NRS. 16,08,500.19 |

Division Chief

# बाढी पीडित १३ परिवारलाई जस्तापातासहित राहत

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु १७ भदौ



कपिलवस्तु ११ का बाढी प्रभावितलाई जस्तापातासहित राहत राहत वितरण गरिएको छ ।

एक साता आएको अविरल वर्षापछिको बाढीले बगाउँदा घरबारविहीन सकुम्बासी बस्तीका १३ पीडित परिवारलाई टिनको जस्तापातासहित राहत सामग्री प्रदान गरिएको हो ।

बाढीको भेलले छाप्रोको घर बगाउँदा ती १३ मध्ये १० परिवार घरबारविहीन बनेका छन् । एक सातादेखि खुला आकाशमा बस्दै आएका ती परिवारलाई मेयर किरण सिंहको निर्देशनमा उपमेयर लक्ष्मी गुप्ताले पीडित परिवारलाई टिनको जस्तापाता र खाद्यान्न हस्तान्तरण हुन् । १० पीडित परिवारलाई घर जग्गाको नापका आधारमा कूल २ सय ६३ वटा जस्तापाता बाँडिएको उपमेयर गुप्ताले मध्यान्हलाई जानकारी गराइन् । यस्तै १३ परिवारलाई प्रतिपरिवार ५० किलो मसिनो चामल, ३ किलो दाल, १ किलो नुन, ५ किलो आलुका दरले राहत उपलब्ध गराइएको छ ।

उपमेयर गुप्ताले पीडित परिवारलाई नगरपालिकाले मल्हम लगाउने कार्य गरेको बताइन् । 'नगरपालिका पीडित परिवारको साथमा छ,' उनले भनिन् । घर बनाउनका लागि आवश्यक फलामको खाँबो लगायतका आवश्यक अरु चिज पनि दिइने उनले बताइन् । वर्षौंदेखि झुपडीमा बस्दै आएकोमा त्यो घर पनि बाढीले बगाएपछि पीडित बनेका बाबुराम दमाईले नगरपालिकाले आफूहरुलाई साथ दिएको बताए । पानीले घरसहित खाद्यान्न अन्नपातलगायत सबै सामान नोक्सान हुँदा आफूहरुको जीवन कष्टकर बेनेको उनको भनाइ छ । 'अब हामी पनि जस्तापाताको घरमा बस्न पाउने भयौं,' उनले भने । जस्तापातासहित राहत पाएपछि पीडित परिवार खुसी भएका छन् । जस्तापातसहित राहत सामग्री नगरपालिकाको ट्याक्टरले पीडित परिवारको घरमै पुऱ्याइएको थियो ।

# सनातन हिन्दूराष्ट्र नेपाल अभियानका लागि तयार रहन अध्यक्ष क्षेत्रीको अपिल




**कमला भट्टरई/मध्यान्ह**
बिराटनगर, १७ भदौ

नेपाली नागरिक पार्टीका केन्द्रीय अध्यक्ष रामचन्द्र क्षेत्रीले संविधान संशोधनबाट लोकतान्त्रिक समाजवाद र सनातन हिन्दूराष्ट्र नेपालको स्थापनाका लागि संघर्ष गर्न तयार हुन आम नागरिक समुदायलाई अपिल गरेका छन् ।

मोरङको विराटनगरमा आयोजित नेपाली नागरिक पार्टीको दुई दिने प्रथम राष्ट्रिय भेलालाई सम्बोधन गर्दै उनले देशमा संसदीय व्यवस्था पूर्ण रूपमा असफल भएको बताए ।

देशमा विदेशी दलाल र संसदीय व्यवस्थाका मतियारहरु सनातन हिन्दूराष्ट्रको ऐतिहासिक अस्तित्वलाई नामेट गर्न धर्मान्तरणको बाटोमा विदेशी मिशिनरीहरुको प्रवेशबाट देशमा वैदेशिक हस्तक्षेप बढेको उनको भनाइ छ ।

उनले राष्ट्रिय स्वाधिनता र अस्तित्व खुलेआम लुटाइएको हुँदा यसकाविरुद्ध हिन्दुवादी शक्ति एकजुट भएर लाग्नुपर्ने बताए । प्रथम राष्ट्रिय भेलाबाट अध्यक्षसहित ९ सदस्यीय कार्यकारिणी समिति र १५१ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ ।

पार्टीको केन्द्रीय अध्यक्षमा रामचन्द्र छेत्री निर्वाचित भएका छन् भने भेलाले कार्यकारिणी सदस्यमा देवेन्द्र किशोर ढुंगाना, प्रवक्ता तथा प्रकाशन विभाग प्रमुख, खगेन्द्र खनाल-नेपाली बुद्धिजीवी संगठन इन्चार्ज, प्रकाश नारायण चौधरी-पार्टी मोरङ जिल्ला इन्चार्ज, नारायण पौडेल (दीपक)-हिन्दु रक्षक बाहिनी इन्चार्ज, राज कुमार कोईराला-नेपाली प्राध्यापक संगठन इन्चार्ज,संजय गोईत-नेपाली छात्र संगठन इन्चार्ज, राज कुमार गिरी- पार्टी धनकुटा जिल्ला इन्चार्ज कर्ण बहादुर केसी, पार्टी दाङ जिल्ला इन्चार्जमा पदीय जिम्मेवारी बाँडफाँड गरेको छ ।

उक्त भेलाको उद्घाटन सत्रमा मोरङ जिल्ला उपाध्यक्ष नन्द लाल झा, सचिव सौरभ देब, पार्टी बिराटनगर समिति सचिव राजु घिमिरे, शाध्वी मां सकुन्तला, बुद्धिजीवी खगेन्द्र खनाल, राजनीतिक ब्यक्तित्व प्रकाश नारायण चौधरी, युवा नेता राम पोखरेल लगायतका वक्ताहरुले संसदीय व्यवस्थामा हिन्दुहरुकाविरुद्ध झुट र भ्रमको आशा देखाएर राजनीति गर्नै कार्यप्रति हिन्दु धर्मलाई समाप्त पार्ने खेल खेलिएको आरोप लगाए ।


## साउदीमा रोजगार | कम्पनी: RIADA COMPANY FOR CLEANING AND MAINTENANCE COMPANY ONE PERSON
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०४/२१ चलानी नं.: ६०१६११२९ LT. No.: 243552 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
८) गत विगत आ.व.को यस कार्यालयलाई भुक्तानी गर्न बांकी बक्यौता रकम भुक्तानी नभए सम्म त्यस्ता व्यक्ति संस्था संग ठेक्का सम्झौता गरिने छैन । कार्यालय संग बक्यौता भएको व्यक्ति तथा संस्थाहरुले बोलपत्र फारम खरीद गर्न आउंदा यस कार्यालयको राजस्व शाखाबाट जारि भएको बक्यौता चुक्ता सम्बन्धि कागजात पेश गर्नु पर्ने छ ।

९) स्वीकृत बोलपत्रदाताले कबोल रकम भुक्तानी गर्ने प्रकृया, छुट तथा तोकिएको समयमा रकम भुक्तानी नगरेमा हुने जरिवाना सम्बन्धि व्यवस्था लगायत अन्य शर्तहरु बोलकबोल पत्र (विषेश शर्त) तथा ने.ना.उ.प्रा सम्बन्धि ऐन नियम बमोजिम हुनेछ ।

१०) बोलपत्र सुचना प्रकाशित भए पछि कार्यालय खुलेको जुनसुकै दिनमा पनि खरीद गरी कार्यालय समयमा दर्ता गराउन सकिने छ ।

११) कवोल रकम एकमुष्ट वा विभिन्न किस्तामा बांडिने र प्रथम किस्ता अग्रीम रुपमा बुझाए पछि सम्झौता गरिने छ । साथै कबोल अंक रकममा प्रत्येक आ.व. (आ.व. २०७९/८० देखि) नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको मुल्यवृद्धि वा १० प्रतिशत मध्ये जुन बढि हुन्छ, सोही आधारमा बहाल रकम स्वतः वृद्धि हुनेछ ।

१२) बोलपत्र फाराम खरीद गर्दा फर्म दर्ता प्रमाण पत्र (नविकरण समेत), ईजाजत पत्र (नविकरण समेत), स्टार वर्गिकरणमा परेको प्रमाण पत्र (नविकरण समेत), मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. **२०७७/७८** को कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

१३) बोलपत्र फाराममा अंक र अक्षरमा दररेट स्पष्ट संग बुझिने गरी भरेर शिलवन्दी गरी बुझाउनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ । रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त राखी पेश गरेको बोलपत्र माथि कारवाही गरिने छैन ।

१४) स्वीकृत बोलपत्र दाताले कवोल अंक को २५ प्रतिशतले हुन आउने जमानत रकम श्री **सिद्धार्थ बैंक लि., नेपालगज** स्थित यस कार्यालयको चल्ती **खाता नं. ०१५१५०८०४४३** मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंक बाट यस कार्यालयका नाममा जारी भएको कबुलियत को अवधि भन्दा ७ महिना बढी म्याद भएको बैंक जमानत पेश गरी सम्झौता गर्न आउनु पर्ने छ ।

१५) अन्य कुरा प्रचलित कानुन अनुसार हुनेछ साथै यस बोलपत्रको बारेमा कुनै पनि कुरा बुझ्नु परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

# बक्स अफिस समाचार

## मधेस विखण्डनविरुद्ध 'एक'

'रअ', सिआइए, आइएसजस्ता अन्तर्राष्ट्रिय ख्याती प्राप्त गुप्तचर संस्थाहरुको बारेमा रोमाञ्चक किस्साहरु सुन्दै हुर्किएका पण्डितले नेपालको सुरक्षाका लागि 'सेन्टर फर सेक्युरिटी इन्टिलिजेन्ट'(सि.ए.आई)को परिकल्पना पनि यो फिल्ममा गरेका छन् ।

**काठमाडौं/मस-** एक समय थियो, उनी 'ग्रेटर नेपाल' बोकेर देशको सीमाना खोज्दै हिँडे । 'विशाल नेपाल' बोकेर सिमानामा भौतारिएका उनै मनोज पण्डित १५ वर्षपछि फेरि अर्को एउटा चलचित्र ल्याएर आएका छन् 'एक' ।

देशको सिमाना मिचियो भनेर सधै चिन्तामा रहने यी पात्रले चलचित्र 'एक'मा मधेसलाई नेपालबाट अलग्याउने प्रयत्नका विरूद्ध एक देशभक्त 'गुप्तचर'को संघर्षको कथा बुनेका छन् । डिजिटल प्लेटफर्ममा आगामी असोज २१ गते( घटस्थापना)का दिन प्रदर्शनमा आउने यो चलचित्रको ट्रेलर आज ओएसआर डिजिटलले सार्वजनिक गरिसकेको छ ।

'मधेसको त्यो विखण्डनकारी राजनीतिले अंगाल्न खोजेको अस्थिर मनोविज्ञान तथा काठमाडौंले खेलिरहेको असंवेदनशील राजनैतिक खेलका कारण नेपाल कतै विखण्डनतिर जान्छ कि भन्ने चिन्ताले सताइरहन्थ्यो' चलचित्र 'एक'का लेखक तथा निर्देशक पण्डित भन्छन् 'यो सम्भावित खतराप्रति देशका जिम्मेवार निकायहरू गम्भिर हुनुपर्छ भनेर यो फिल्मको परिकल्पना गरिएको हो ।'

'रअ', सिआइए, आइएसजस्ता अन्तर्राष्ट्रिय ख्याती प्राप्त गुप्तचर संस्थाहरूको बारेमा रोमाञ्चक किस्साहरू सुन्दै हुर्किएका पण्डितले नेपालको सुरक्षाका लागि 'सेन्टर फर सेक्युरिटी इन्टिलिजेन्ट'(सि.ए.आई)को परिकल्पना पनि यो फिल्ममा गरेका छन् । फिल्लमा सिएआई एउटा गुप्तचर संस्था हुन्छ । राष्ट्रका यी चिन्ताहरूलाई उनले 'रिल'मा उतार्ने प्रयन्त गरेका छन् ।

'राष्ट्रका विरूद्ध हुने यस्ता वैदेशिक चलखेलहरूलाई असफल बनाउनका लागि फ्रन्टिएरको रुपमा काम गर्ने सिएसआईजस्ता संस्था नेपालमा बनाउन ढिला भइसकेको छ' उनी भन्छन् 'यो तथ्यलाई सम्बोधन गर्नका लागि भए पनि यो फिल्मले मदत गर्नेछ ।'


खासगरी स्वतन्त्र मधेसको राजनीतिक एजेन्डा देशका लागि निकै षड्यन्त्रमूलक भएको चित्रण यो फिल्ममा गरिएको छ । कलाकार प्रमोद अग्रहरिलाई स्वतन्त्र मधेसको राजनैतिक एजेन्डा बोकेको पात्रका रुपमा प्रस्तुत गरेको चलचित्र 'एक'मा विशाल पोखरेल नेपालको गुप्तचर निकाय सिएसआईको गुप्तचर एजेन्टका भूमिकामा देखिएका छन् ।

यी दुई पात्रबीच मिसन केन्द्रित अन्तरसंघर्षको कथात्मक प्रस्तुती रहेको यो स्पाइ जनर एक्सन प्रधान फिल्ममा ज्योत्सना योगी महिला एजेन्टको भूमिकामा देखिएकी छन् ।

प्रमोद खड्काको एक्सन कोरियोग्राफी रहेको चलचित्र दीपक बज्राचार्यले छायांकन गरेका हुन् । सिनेमाको सम्पादन भरत रेग्मीले गरेका छन् । गोविन्द मधुर आचार्य, पुस्कर महतो र हरि लम्सालले चलचित्र 'एक'मा संगीत भरेका छन् । सिनेमा फ्याक्ट्रीको ब्यानरमा निर्माण भएको यो चलचित्रका निर्माता आत्मा गुरागाईं र सोफिया थापा हुन् ।

कोरोना महामारीका कारण थला परेको सिनेमा उद्योगको विकल्प खोज्दै डिजिटल प्लेटफर्ममार्फत यही असोज २१ गते घटस्थापनाका दिनदेखि सिनेमा घर एप, डिसहोमको च्यानल ५५५, नेट टिभी, म्याक्स टिभी, र भाइ नेट तथा ओहो मूभिजबाट प्रदर्शनमा आउने भएको छ ।

यो चलचित्र 'एक'मा प्रमोद खड्का, रामशरण पाठक, मदन ठाकुर, सुरेश शाह, सविर चुरौटे, हरून अली, रमेश महर्जन, रिसिका घिमिरे तथा बालकलाकार विश्वन्त पोखरेललगायतका कलाकारहरूले 'स्पाइ ड्रामा'मा अभिनय गरेका छन् ।




## सौरभलाई 'राष्ट्रिय चलचित्रकर्मी सम्मान'




**काठमाडौं/मस-** अहिलेका व्यस्त छायांकर धन्दिप योञ्जन (सौरभ लामा) राष्ट्रिय चलचित्रकर्मी सम्मान २०७८ बाट सम्मानित भएका छन् । रिबन इन्टरटेनमेन्टले राजधानीमा आयोजना गरेको कार्यक्रममा उनलाई गणतन्त्र नेपालका प्रथम उपराष्ट्रपति परमानन्द झाले सम्मान गरेका हुन् ।

सम्मान पाएपछि सौरभले सम्मानले नेपाली फिल्म क्षेत्रमा आफूले पुऱ्याएको योगदानलाई आयोजकले सम्झिएको बताए । 'मेरा लागि यो खुशीको क्षण हो, नेपाली फिल्म, म्युजिक भिडियोदेखि विज्ञापनसम्ममा गरिएको छायांकनको कामको कदर भएको छ', सौरभले भने । नेपालका महँगा र व्यस्त छायांकार सौरभ नेपाली फिल्म निर्माता तथा निर्देशकको पहिलो रोजाईका डीओपीमा पर्दछन् । २०५९ सालमा विनोद सेरेङको फिल्म बगर (पछि यो फिल्मको नाम संघर्ष जिन्दगीको राखियो) बाट सहायक छायांकारका रुपमा काम शुरु गरेका उनले 'भाग्य विधाता', 'कृष्ण अर्जुन', 'पापी मान्छे २', 'पहिलो पहिलो माया' र 'जब जब माया बस्छ'मा सहायक छायांकारकै रुपमा काम गरेका थिए ।

फिल्म 'मजबुर' बाट भने पूर्ण छायांकारका रुपमा करियर शुरु गरेका उनले 'म त तिम्रै हुँ', 'पासवर्ड', 'रामकहानी', 'वीर', 'पिञ्जडा ब्याक अगेन', 'रुद्र', 'रिफ्युजी', 'सुपर गोर्खे', 'वार' लगायत दर्जन फिल्ममा उनले सोलो छायांकारको अनुभव संगालिसकेका छन् ।

उनका फिल्महरु 'म यस्तो गीत गाउँछु २', 'मनसँग मन', 'सम्हालिन्छ कहिले मन' र 'कमिटमेण्ट ६० आवर्स' प्रदर्शनको तयारीमा छन् । बलिउडको 'घर परिवार' र 'तोर दिल मोर धडकन'मा सौरभले छायांकन कला देखाइसकेका छन् । सौरभले १५ टेलिभिजन सिरियल, २० बढी टेलिभिजन विज्ञापन र करिब दुई सय म्युजिक भिडियोमा क्यामरा कला देखाइसकेका छन् । उनी नेपालकै महँगो छायांकारका रुपमा चित्रित छन् ।

## अभिनेता सिद्धार्थ शुक्लाको निधन



**काठमाडौं/एजेन्सी-** अभिनेता तथा 'बिग बोस १३' का विजेता सिद्धार्थ शुक्लाको निधन भएको छ । उनको हृदयघातका कारण बिहीवार मुम्बईको कुपर अस्पतालमा निधन भएको हो । ४० वर्षीय शुक्लाले बुधबार राति सुत्नुअघि औषधि खाएर सुतेका तर बिहीवार बिहान उनको हृदयघातका कारण निधन भएको अस्पतालले जनाएको छ । उनको शरीरको बाहिरी भागमा कतै चोटको निशान देखिएको छैन ।

सिद्धार्थको जन्म १९८० को डिसेम्बर १२ मा भएको थियो । उनले मोडलको रुपमा आफ्नो करिअर शुरु गरेका थिए । सन् २००५ मा उनले 'वर्ल्ड बेस्ट मोडल' को उपाधि जितेका उनी त्यसपछि टेलिभिजन सिरियलमा देखिन थालेका थिए । 'ब्रोकेन बट ब्यूटीफुल ३, बालिका वधु र दिल से दिल तक' जस्ता सिरियलबाट उनी चर्चित बनेका थिए । उनी 'फियर फ्याक्टर ७' को पनि विजेता हुन् ।

टिभी इन्डस्ट्रीमा सफलतापछि सिद्धार्थले बलिउड पनि पाइला राखेका थिए । सन् २०१४ मा रिलिज भएको सुपरहिट फिल्म 'हम्पटी शर्मा की दुल्हनिया' मा उनी सहायता अभिनेताको रुपमा थिए । उनका एक आमा र दुई दिदी बहिनी छन् । उनले निधनले बलिउड शोकमा डुबेको छ । टिभी इन्डस्ट्रीदेखि बलिउडका ठूला स्टारहरुले उनको निधनप्रति गहिरो दुःख व्यक्त गरेका छन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०६३/०२/२२ मा दर्ता भएको **प्रा.लि. नं. ३९७८३** को **फेभरेबल बिजनेश प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



**साउदीमा रोजगारको अवसर** | कम्पनी : JADAR MINING FACTORY शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०४/१५ चलानी नं.: ६०१६०९८९ LT. No.:243148 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Cutting Labour | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Equipment Labour | 4 | 0 | | 1000 | ३१,११० | | | | | | | |
| 3. | Truck Driver | 3 | 0 | | 1800 | ५५,९८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Halesi Overseas Pvt. Ltd.**
Gaushala-9, Ratopul, Kathmandu, Nepal
Tel: 4489975, Mob.: 9851057208, 9818581088 Email: halesioverseas074@gmail.com
Govt. Lic. No. 1161/073/074



**कतारमा रोजगार** | कम्पनीः QASR AL ANDALUS CO. शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२३०० LT. No.: 244716

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 8 | 0 | स. काममा दक्ष | 1200 | ३८,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DYNAMIC STAFFING SOLUTION NEPAL (P) LTD. Gov. Lic. No.: 896/067/068
**डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि.**
P.O Box: 24723, बासबारी काठमाडौं, नेपाल, फोनः ४०१७०९१, ४०१७०७८
Email: dssnepaldynamic@gmail.com, Website: www.dssnepal.com.np



**साउदीमा रोजगार** | कम्पनीः PANDA RETAIL COMPANY शहरः KSA

पूर्व स्वीकृत मितिः २०७६/११/१८ चलानी नं.: ६०१५४८६३ LT. No.: 236463 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा फागुन २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com
श्रम इजाजत नं. ८७५/०६६/०६७



**कतारमा रोजगार** | कम्पनी : STAR WINGS TRADING AND CONTRACTING शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१७ चलानी नं.: ६०१६२२८६ LT. No.: 244737

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Indo Arab Manpower Pvt. Ltd.** (Skyking Placement (P.) Ltd.)
Jawalakhel-20, Lalitpur, Tel:5539268, 5539269, Fax: 5539259
Email: ktmskyking@gmail.com, Web: www.indoarabnepa.com
Gov. Lic no: 764/065/066

# सुधारिएको खेल

## मैत्रीपूर्ण खेलमा नेपाल र भारत बराबरीमा रोकिए

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ भदौ

नेपाल र भारतबीचको अन्तर्राष्ट्रिय मैत्रीपुर्ण खेल १-१ गोलको बराबरीमा सकिएको छ । नेपालले भारतविरुद्ध एक गोलको अग्रता जोगाउन नसक्दा खेल बराबरीमा टुंगिएको हो । माल्दिभ्समा आयोजना हुने साफ प्रतियोगिताको तयारीमा रहेका दुबै टिमले नेपालको घरेलु मैदान दशरथ रंगशालामा बराबरी खेले ।

पहिलो हाफमा नेपालले भारतविरुद्ध १-० ले अग्रता बनाएको थियो । खेलको ३६ औं मिनेटमा नेपालका लागि अन्जन विष्टले गोल गर्दै शुरुवाती अग्रता दिलाएका थिए । भारतका चिंग्लेन्साना सिंह कोन्शामले गरेको ब्याकपास फितलो बन्दा अन्जनले बल कलेक्ट गरी भारतीय गोलरक्षकलाइ छक्याउँदै पेनाल्टी एरियाबाट गोल गरेका थिए । भारतविरुद्ध नेपालले पहिलो हाफको खेल सकिँदा उत्कृष्ट खेल पस्किँदै पाहुना टोलीलाई दबाबमा राखेको थियो । ४५ मिनेटमा सुमन लामाले बक्स बाहिरबाट गरेको सशक्त प्रहार भारतका गोलरक्षक गुरप्रसत सिंह सन्धुले मुस्किलले बचाएका थिए । दोस्रो हाफमा भारतले मजबुद प्रदर्शन गरेको थियो ।

नेपाल विरुद्ध दोस्रो हाफको ६० औं मिनेटमा सुनील क्षेत्रीले बक्स बाहिरबाट गरेको सशक्त प्रहार गोलरक्षक किरण पन्च गरी रोकेको बल गोललाइनमा खस्दा सोही बल उपयोग गरी अनिरुद्ध थापाले बराबरी गोल फर्काएका थिए ।

खेलको ७८ औं मिनेटमा विशाल राईले गरेको प्रहार फ्रेममा पर्न सकेन । ८० औं मिनेटमा सुमन अर्यालको डि बक्सबाहिरको प्रहारलाई भारतका डिफेन्डरले क्लियर गरिदिएका थिए । खेलको इन्ज्युरी टाइममा नेपालका कमल थापाले गरेको हेडिङले दिशा पाउन सकेन । नेपाल र भारतबीचको दोस्रो खेल अब आइतबार हुनेछ । यसैबीच मिडफिल्डर नितिन थापाले भारतविरुद्धको मैत्रीपूर्ण खेलमा नेपाली राष्ट्रिय फुटबल टोलीबाट डेब्यु गरेका छन् । नितिन दशरथ रंगशालमा बिहीबार भएको खेलमा ८५औं मिनेटमा मैदान छिरेका थिए । उनी तेज तामाङको स्थानमा मैदान छिरेका थिए । यस्तै भारतका रहिम अलीले पनि डेब्यू गरेका थिए । रहिम दोस्रो हाफको सुरुमै मैदान छिरेका थिए । दोस्रो हाफको सुरुमै भारतले दुई खेलाडी परिवर्तन गरेको थियो । ब्रान्डन फर्नान्डेजको स्थानमा अनिरुद्ध थापा र ग्लान मार्टिन्सको स्थानमा रहिम अली मैदान छिरेका थिए ।



### अझै सुधार्नु छ : अल्मुताइरी

नेपाली राष्ट्रिय टिमका मुख्य प्रशिक्षक अब्दुल्लाहा अल्मुताइरीले आफ्ना खेलाडीहरुले राम्रो खेलेको तर अझै सुधार गर्नुपर्ने पक्षहरु धेरै रहेको बताएका छन् ।

उनले दोस्रो हाफको १५ मिनेटमा राम्रो खेल्न नसक्दा गोल खान पुगेको स्वीकार गर्दै टिमको प्रदर्शनले गर्व लागेको बताएका छन् ।

खेलअघि आपरुहरु जितका लागि खेल्ने बताएका अलमुताइरीले मैत्रीपुर्ण खेल भएकाले यतिको प्रदर्शन गर्नु गर्वको कुरा भएको र आउँदो साफका लागि आफ्नो टिम तयार भएको विश्वास राखेका छन् ।

उनले भारतसँगको खेलबाट सिकेका गल्तिहरुलाई साफमा पाठको रुपमा लिँदै टिमको उच्च प्रदर्शनको अपेक्षा राखेको बताएका छन् । 'क्षमा चाहन्छु । नेपाली जनतासँग । हामीले खुशी बनाउन सकेनौं । मलाई आशा छ क्षमा स्वीकार्नु हुनेछ, हामीले अझै धेरै सुधार गर्नु पर्नेछ । तर, खेलाडीप्रति मलाई गर्व छ,' उनले भने ।

### किरणको कीर्तिमान

नेपाली राष्ट्रिय फुटबल टोलीका गोलकिपर किरण चेमजोङले नेपाली राष्ट्रिय टोलीबाट सबैभन्दा धेरै खेल खेल्ने कीर्तिमानीसँग बराबरी गरेका छन् ।

बिहीबार भारतविरुद्धको मैत्रीपूर्ण खेल खेलेसँगै उनले पूर्व कप्तान विराज महर्जनसँग ७३ खेलको कीर्तिमानीसँग बराबरी गरेका हुन् । यससँगै किरण र विराज नेपाली राष्टिय टोलीबाट सबैभन्दा धेरै खेल खेल्ने खेलाडी बनेका छन् ।

किरणले कम्बोडियामा सम्पन्न २००८ को एएफसी च्यालेन्ज कप छनोट प्रतियोगितामा मकाउविरुद्ध नेपालबाट डेब्यू गरेका थिए । तर, २४ मेको त्यो डेब्यू किरणका लागि खेल सम्झनलायक भने रहेन । उनी चिउडोमा चोट लागेपछि २४औं मिनेटमा मैदान छाड्न बाध्य भएका थिए । त्यसयता उनले नेपालबाट ७२ खेल खेलिसकेका छन् । तथापी उक्त खेलमा नेपालले मकाउलाई ३-२ ले हराएको थियो । पछिल्लो समय भारतको पञ्जाब एफसीबाट खेलिरहेका किरणले क्लब फुटबलमा मछिन्द्र, थ्री स्टार, मनाङ मर्याङदी, माल्दिभ्सको टिसी स्पोर्टस् क्लबबाट खेलेका थिए । उनले पछिल्लो समय नेपाल सुपर लिगमा धनगढी एफसीबाट खेलेको थिए ।

# टी-ट्वान्टी वरीयतामा नेपाल एक स्थान खस्कियो



**काठमाडौं/मस-** अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) को टी-ट्वान्टी वरीयतामा नेपाल एक स्थान खस्किएको छ ।

बुधबार आईसीसीले सार्वजनिक गरेको नयाँ वरीयतामा नेपाल एक स्थान तल झरेको हो । टी-ट्वान्टीतर्फको नयाँ वरीयतामा नेपाल एक स्थान खस्किँदै १३ औं स्थानमा पुगेको छ ।

नेपाल वरीयतामा अहिलेसम्म ११ औं स्थानसम्म पुग्न सफल भएको छ । टी-ट्वान्टीको नयाँ वरियताको शीर्ष स्थानमा इंग्ल्यान्ड, दोस्रोमा भारत र तेस्रोमा पाकिस्तान रहेका छन् ।

नेपालले पछिल्लो पटक गत वैशाखमा घरेलु मैदानमा नेदरल्यान्ड्स र मलेसियासँग त्रिकोणात्मक सिरिज खेल्दै उपाधि जितेको थियो । नेपाल भन्दा पछाडि स्कटल्याण्ड, यूएई, पपुवा न्युगिनी, नेदरल्याण्ड्स, ओमान छन् ।

एकदिवसिय वरीयतमा नेपाल १६ औं स्थानमा छ । हाल आइसीसी विश्वकप क्रिकेट लिगको तयारीमा रहेको नेपाली क्रिकेट टिमले पपुवा न्युगिनीसँग दुई वटा एकदिवसिय सिरिज र अमेरिका र ओमानसँग त्रिकोणात्मक सिरिज खेल्ने तयारीमा छ । त्रिकोणात्मक सिरिज १३ देखि २० सेप्टेम्बरसम्म हुनेछ ।

# प्रहरीका ५२ खेलाडीलाई आधारभूत तालिम

**काठमाडौं/मस-** नेपाल पुलिस क्लबका विभिन्न खेलका ५२ जना खेलाडीलाई प्रहरी जवान आधारभूत तालिम दिएको छ । खेलाडीहरुले नौ महिना प्रहरी जवान आधारभूत तालिम सम्पन्न गरेका छन् ।

नेपाल प्रहरीको राष्ट्रिय एकेडेमी महराजगञ्जमा मंगलबार आधारभूत तालिम सम्पन्न भएको थियो । कोरोना महामारीको समयमा खेल नभएको अवसरको सदुपयोग गर्दै पुलिसले खेलाडीलाई आधारभूत तालिम दिइएको हो ।



योसँगै खेलाडीलाई नेपाल प्रहरीको सेवा सुविधा वृद्धि र पदोन्नतीको लागि अगाडिका सबै बाटोहरु खुलेको छ । नेपाली राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चर्चित खेलाडीहरु उक्त तालिममा सहभागी भएका थिए । तालिममा भारत्तोलनको ६, पुरुष भलिबल ७, महिला भलिबल ६, पुरुष फुटबल ७ र महिला फुटबलका ८ खेलाडीको सहभागीता रहेको थियो । त्यस्तै, जुडोबाट ३, कराँते २, टेबलटेनिस र उसु ४-४ खेलाडी तालिममा सहभागी भएका थिए । महिला कबड्डी, एथ्लेटिक्स, ब्याडमिन्टन, बक्सिङ र क्रिकेटका एक एक खेलाडी तालिममा सहभागी थिए ।

तेह्रौं सागमा नेपालले जितेका कुल ५१ स्वर्णमध्ये नेपाल प्रहरीले १६ स्वर्ण पदक जितेको थियो । आधारभूत तालिमको कारण महिला भलिबलका तीन खेलाडी कामना विष्ट, शान्तिकला तामाङ र पुनम चन्दलाई पुलिसले राष्ट्रिय प्रशिक्षणमा पठाएको थिएन । तालिम अन्तिम चरणमा पुगेको हुँदा प्रशिक्षणमा नपठाउने निर्णय लिएको बताएको छ ।

# रोनाल्डो बने सर्वाधिक गोलकर्ता

**काठमाडौं/एजेन्सी-** पोर्चुगिज कप्तान क्रिष्टियानो रोनाल्डो अन्तर्राष्ट्रिय फुटबलमा सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन् । बिहीबार बिहान सम्पन्न विश्वकप छनौट अन्तर्गत रिपब्लिक अफ आयरल्याण्ड विरुद्धको खेलमा आफ्नो व्यक्तिगत दुई गोल गर्दै रोनाल्डो सर्वाधिक गोल गर्ने अन्तर्राष्ट्रिय खेलाडी बनेका हुन् ।



यसअघि इरानका अलि दाइको १ सय ९ गोलको कीर्तिमानीलाई उछिन्दै रोनाल्डोले १ सय एघार गोल गर्न सफल भएका छन् । आयरल्याण्डविरुद्धको खेलमा हारको नजिक पुगिसकेको पोर्चुगललाई रोनाल्डोले खेलको अन्तिम समयमा दुई गोल गर्दै जीत दिलाउन सफल भएको थिए ।

खेलको अन्त्यतिर ८९औं मिनेटमा रोनाल्डोले गरेको गोलबाट बराबरीमा फर्किएको पोर्चुगललाई अतिरिक्त समयमा पुनः अर्को गोल गर्दै रोनाल्डले जीत दिलाएका हुन् । यस नतिजासँगै पोर्चुगलले समूहको शीर्षस्थानमा पकड कायम गरेको छ ।


## SAUDI ARABIA र CYPRUS मा रोजगारको अवसर

१. कम्पनी: FNR LIMITED COMPANY | शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०३/०७ | चलानी नं.: ६०१५९०१३ | LT. No.: 240848 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Worker | 2 | 0 | | 1400 | ४३,५४० | | | | | | | |

२. कम्पनी: WADHA MOFIA RABEA AL DOSARY RESTURANT FOR SERVING MEAL | शहर: LADAM
पूर्व स्वीकृत मिति: २०७८/०३/१० | चलानी नं.: ६०१५९१४० | LT. No.: 240850 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Food Presenters | 1 | 0 | | 1400 | ४३,५४० | | | | | | | |
| 3. | Kitchen Factor | 2 | 0 | | 1400 | ४३,५४० | | | | | | | |

३. कम्पनी: ELEFTHERIA MOUSTAKA PRIVATE EMPLOYMENT AGENCY, LICENSE NO. 333 | शहर: LIMASSOL, CYPRUS
पूर्व स्वीकृत मिति: २०७७/१०/०८ | चलानी नं.: ६०१५४२३३ | LT. No.: 235648 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 314 | ४३,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ भदौ २५ गते (10 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क. नं. १ निःशुल्क<br>क. नं. २ रु १०,०००/-<br>क.नं. ३ रु ४५,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Licence: 690/063/064

**Alliance Human Resources Pvt. Ltd.**
P.O.Box : 13612, Sinamangal, Kathmandu, Nepal | Tel. No.: 01-4491791, 4487850, 4494627 | Email:- inquiry@alliancenepal.com | Website: www.alliancenepal.com



**Melamchi Municipality**

**Office of the Municipal Executive**

**Melamchi, Sindhupalchok**

**Invitation for Bids**

**Date of First Publication: 2078/05/18**

1) Melamchi Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding Single Stage Two Envelope and Single Stage bidding Procedures.

| S.N | Name of the Project/ Contract Identification No. | Bid Security Amount NRs | Price of Bid Document NRs | Estimate Amount (including VAT) | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Gufa Chamkhu Road MMSI/WORKS/NCB/2078-79/07 | 800000.00 | 5000.00 | Single Stage Two Envelope | 2078/06/18, 12:00 Hrs. | 2078/06/18, 13:00 Hrs |
| 2 | CONSTRUCTION OF GODAM GHAR PHASE II MELAMCHI-11 MMSI/WORKS/NCB/2078-79/13 | 175000 | 3000 | 6807959.94 | 2078/06/18, 12:00 Hrs. | 2078/06/18, 13:00 Hrs |
| 3 | Upgrading Works Of Okhrenichaur Dhusenichaur Road MMSI/WORKS/NCB/2078-79/02 | 800000 | 5000 | Single Stage Two Envelope | 2078/06/18, 12:00 Hrs. | 2078/06/18, 13:00 Hrs |
| 4 | Construction of foot trail at Bhumesthan Dhaule MMSI/WORKS/NCB/2078-79/05 | 90000 | 3000 | 3531745.48 | 2078/06/18, 12:00 Hrs. | 2078/06/18, 13:00 Hrs |
| 5 | Construction of 3 no Ward Office Building MMSI/WORKS/NCB/2078-79/16 | 600000 | 5000 | Single Stage Two Envelope | 2078/06/18, 12:00 Hrs. | 2078/06/18, 13:00 Hrs |

2) Eligible Bidders may obtain further information from the Office of the Municipal Executive,Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089, Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.
3) Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders should deposit the cost mentioned above of bidding document in the Project's Rajaswa (revenue) account and bid security fee Dharauti(Deposit) as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.



धान गोड्ने चटारोमा पोखरेली कृषक !

पोखरा -१७, तल्लो बिरौटा फाँटमा धान गोड्दै किसान । तस्बिर : जमुनावर्षा शर्मा/रासस

## तेल उद्योगका डिपोमा अनुगमन

# के.एल. दुगड ग्रुपलगायतका कम्पनी परे कारबाहीमा

**ताराकुमारी पौडेल/मध्यान्ह**
भदौ १७, पोखरा ।

उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको अगुवाइमा पोखरामा रहेका ३ वटा तेल तथा दल्हन डिपोमा अनुगमन भएका छन् । नारायणी मोडर्न पल्सेज इण्डष्ट्रिजको पोखरा शाखा, शिवशक्ति घ्यू उद्योग पोखरा शाखा र के.एल दुगड ग्रुप पोखरा शाखामा अनुगमन भएको हो ।


अगनुमनका क्रममा तीन वटै उद्योगमा विभिन्न खालका नियम विपरितका काम गरेको पाइएको अनुगमन समितिले जनाएको छ। अनुगमनले समितिले तीन वटै उद्योगलाई कारबाही पनि गरेको जनाएको छ ।



### अनुमति नै नलिई के.एल. दुगड ग्रुपको शाखा सञ्चालनमा

अनुगमन समितिले कुन्दन र निलकमल ब्राण्डको तेलको डिस्ट्रिब्युटर्स नारायणी आयल रिफाइनरी प्रा.लि. पोखरा शाखाले मूल्यसूची नराखी कारोबार गरेको आरोपमा उपभोक्ता हित संरक्षण ऐन बमोजिम ५० हजार रुपैयाँ जरिवाना गरेको छ । यस्तै शिवशक्ति घ्यू उद्योग प्रा.लि.ले पनि शाखा अनुमती नलिइ कारोबार गरेकोले ऐनको दफा ३८ (ट) को कसुरमा दफा ३९ (घ) बमोजिम ५० हजार जरिवाना तिराएको छ ।

यस्तै के.एल. दुगड ग्रुप पोखरा शाखालाई स्थानीय सरकारबाट व्यवसाय सञ्चालन अनुमति लिएको तर मापदण्ड पूरा नगरेको भन्दै एक हप्ताभित्र निर्देशनालयमा हाजिर हुन पत्र थमाएको छ ।



अनुगमन टोलीले तेलको खुद्रा मूल्यमा बढी नाफा राखेर अधिकतम मूल्य प्रिन्ट गरेको फेला पारेको छ । प्रति १ लिटर पाउँचको तेलमा ३० देखि ४० रुपैयाँसम्म नाफा राखेर मूल्य प्रिन्ट गरेको फेला परेको अनुगमनका सदस्य तथा उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय गण्डकी प्रदेश पोखराका सूचना अधिकारी भरतमणि बरालले बताए ।

अनुगमन गरिएका सबै डिपोहरुले शाखा कार्यालय उल्लेख गरे पनि कानूनबमोजिम शाखा सञ्चालन गर्ने अनुमति कुनैले लिएका छैनन् । नियमन जुन निकायले उद्योग, व्यापार दर्ता गरेको हुन्छ त्यही निकायबाट शाखा सञ्चालन अनुमति लिएर मात्र व्यापार गर्न पाइन्छ ।

बारा, पर्सा, विराटनगरमा उद्योग दर्ता गरेका अधिकांश उद्योगहरुले शाखा स्वीकृति लिएका छैनन् । अब शाखा अनुमति लिएर मात्र व्यवसाय सञ्चालन गर्ने सरकारी अनुगमन अधिकारी समक्ष व्यापारीहरुले प्रतिवद्धता जनाएका छन् ।

## संक्षिप्तमा अर्थ

### ग्लोबल आइएमई लघुवित्तले दियो ९० लाखको ब्याज छुट

ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.
Global IME Laghubitta Bittiya Sanstha Ltd.

**काठमाडौं/मस–** पोखरा-२६, विजयपुरमा केन्द्रीय कार्यालय रहेको ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्थाले आफ्ना ऋणी सदस्यहरुलाई करिब ९० लाख बराबरको ब्याज रकम छुट प्रदान गरेको छ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को प्रभावले सम्पूर्ण क्षेत्र, पेशा र व्यावसाय प्रभावित भइरहेको यस बिषम परिस्थीतिमा वित्तीय संस्थामा आवद्ध ऋणी सदस्यहरुलाई राहत स्वरुप संस्थाले १०(दश) प्रतिशत ब्याज छुट प्रदान गरेको हो । वित्तीय संस्थाको हाल देशभर ११२ वटा शाखा कार्यालयहरु, १ लाख २८ हजार ५०३ जना ग्राहक सदस्यहरु र लगानीमा रहिरहेको कर्जा रकम ६ अर्ब ५६ करोड रहेको छ ।

### हिमालयनले पोखराको गौरीघाटमा शुरु गर्‍यो विस्तारित काउन्टर




**काठमाडौं/मस–** हिमालयन बैंक भदौ १० गते बिहीबारदेखि गौरीघाट, लेकसाइड, पोखरामा बिस्तारित काउन्टर सुविधा शुरु गरेको छ ।

उक्त विस्तारित काउन्टरबाट सार्वजनिक बिदाबाहेक अन्य दिनमा बिहान १० बजेदेखि अपरान्ह ३ बजेसम्म ग्राहकवर्गहरुले नगद तथा चेकबाट कारोबार गर्न सक्नेछन् ।

उक्त बिस्तारित काउन्टरबाट कुनै पनि व्यक्तिले हिमालयन बैंकमा विभिन्न बैंकिङ्ग कारोबारहरु गर्न सहजिकरण गर्नेछ । यसका साथै हाल बैंकको कुल शाखा संख्या ७१ र बिस्तारित काउन्टर संख्या ५ पुगेको छ भने एटीएमको संख्या १४६ र ५ हजारभन्दा बढी पीओएस टर्मिनल संख्या पुगेको छ ।

### मुक्तिनाथ कृषि कम्पनीले गर्‍यो उत्कृष्ट व्यावसायिक साझेदारलाई पुरस्कृत



**काठमाडौं/मस–** मुक्तिनाथ कृषि कम्पनीले उत्कृष्ठ व्यवसायिक साझेदारलाई पुरष्कृत गरेको छ। कम्पनीले मंगलबार तेस्रो वार्षिकोत्सब कार्यक्रमको आयेजना गर्दै उत्कृष्ठ व्यवसायिक साझेदारलाई पुरष्कृत गरेको हो। कम्पनीले आर्थिक वर्ष २०७७/०७८ मा उत्कृष्ठ व्यवसायिक साझेदार गर्ने विभिन्न कम्पनी/फर्म/कृषक समुहहरुलाई पुरस्कृत गरेको बताएको छ। कम्पनीले गणपति एग्रिकल्चर प्रालि धादिङलाई वर्षको उत्कृष्ट व्यवसाय साझेदार पुरस्कार प्रदान गरेको छ।

यस्तै, जय किसान एग्रो मार्ट एण्ड मेसिनरी कपिलवस्तुलाई उदाउँदो व्यवसायि पुरस्कार, तमोर कृषि भण्डार झापालाई दिगो व्यवसायिक साझेदार पुरस्कार र भ्यू टावर तरकारी पकेट काठमान्डौलाई उत्कृष्ट कृषक समुह पुरस्कारबाट सम्मानित गरेको हो । साथै कम्पनीको सेवामा रहि उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरु कमल पण्डितलाई वर्ष उत्कृष्ट कर्मचारी र सन्दिप रिजाल, दिपेश थापा र हेमराज ढकाललाई विभिन्न विधामा पुरस्कित गरेको छ।

### एनआईसीको मोबाइल बैंकिङमार्फत नि:शुल्क रेमिट्यान्स पठाउन सकिने

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

काठमाडौं/मस- एनआईसी एशिया बैंकले आफ्नो मोबाइल बैंकिङ्ग एपमार्फत दुई महिनासम्म नि:शुल्क आन्तरिक रेमिट्यान्स पठाउन सकिने आकर्षक योजना ल्याएको छ । बैंकले भाद्र १६ देखि कात्तिक १४ सम्म लागू हुने गरी ल्याएको यस योजनामा बैंकका ग्राहकहरूले मोबाइल बैंकिङ्ग एप प्रयोग गरी एक ठाउँबाट अर्को ठाउँ नि:शुल्क रुपमा रकम पठाउन सक्नेछ्न् ।

सेल्फ हेल्प बैंकिङ्गको अवधारणा अनुरुप मोबाइल बैंकिङ्ग एप मार्फत ग्राहकहरूले जुनसुकै स्थानबाट, जुनसुकै समयमा रेमिट रकम सहज रुपमा पठाउन सक्नेछन् ।

यसका लागि ग्राहकहरूले आफ्नो मोबाइलमा रहेको एप भित्र रहेको सेन्ट रेमिट आइकनमा ट्याप गरेपश्चात् रेमिट्यान्स रकम, प्राप्त गर्नेको विवरण (नाम, मोबाइल नम्बर एवं ठेगाना) उल्लेख तथा रेमिट्यान्स पठाउनुको उद्देश्य छनौट गरी सुरक्षित रुपमा रेमिट्यान्स पठाउन सक्नेछन् । यस माध्यमबाट पठाएको रकम देशभर रहेका यस बैंकका सम्पूर्ण शाखा तथा विस्तारित काउन्टरहरूका साथै १२ हजारभन्दा बढी रेमिट एजेन्टहरूबाट सहजै झिक्न सकिनेछ ।

कोभिड-१९ को महामारीको समयमा डिजिटल कारोबार गर्नुपर्ने आजको आवश्यकतालाई बैंकले ल्याएको यस योजनाबाट ग्राहकहरूलाई बैंक शाखासम्म पुगेर भौतिक फारम भरी रेमिट्यान्स पठाउनुपर्ने झन्झबाट मुक्ति मिल्नुका साथसाथै समयको बचत भई महामारीकाबीच सुरक्षित रहन सहयोग मिल्ने विश्वास बैंकले लिएको जनाएको छ । बैंक मुलुकभर रहेका ३५६ शाखा कार्यालयहरू, ४७२ एटिएम, ७० वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ ।

### एनएमबिका ग्राहकले दराजबाट किस्ताबन्दीमा सामान किन्न पाउने

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

**काठमाडौं/मस–** एनएमबि बैंकका ग्राहक तथा कर्मचारीहरुले दराजबाट किस्ताबन्दीमा समान खरिद गर्न पाउने भएका छन् ।

एनएमबि बैंकका क्रेडिक कार्ड प्रयोग कर्ताले दराजबाट आफूलाई आवश्यक सामानहरु किस्ता बन्दीमा खरिद गर्न सक्नेछन् । यसका लागि ग्राहकले दराजबाट भुक्तानी गरी समान खरिद गर्नेछन् र उक्त खरिद रकमलाई एनएमबि बैंकले इएमआईमा रुपान्तरण गर्नेछ ।

एनएमबि बैंकले हाल देशभरी १८१ शाखा, १३७ एटीएमहरू, ९ एक्सटेन्सन काउन्टरमार्फत्सेवा प्रदान गर्दै आइरहेको छ ।

## विद्युतीय बस सञ्चालनमा ल्याउने साझाको तयारी

# ऊर्जामन्त्रीले देखाइन् चासो

**मध्यान्ह संवाददाता**
भदौ १७, काठमाडौं ।



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले काठमाडौं उपत्यकामा विद्युतीय बस सञ्चालन गर्ने तयारीका सन्दर्भमा साझा यातायातसँग छलफल गरेकी छन् । बिहीबार पुल्चोकस्थित साझा यातायातको कार्यालय पुगेर उनले विद्युतीय बस सञ्चालन र त्यसका लागि आवश्यक पर्ने पूर्वाधारका विषयमा जानकारी लिएकी हुन् ।

मन्त्री भुसाललाई साझा यातायात सञ्चालक समितिका अध्यक्ष कनकमणि दीक्षितले विद्युतीय बस खरिदको अवस्था तथा बस सञ्चालनका लागि चार्जिङ स्टेशनको अवस्थाका बारेमा जानकारी गराएका थिए । साझाले पहिलो चरणमा जनस्वास्थ्य, सार्वजनिक यातायात र आर्थिक हिसाबले पनि विद्युतीय बस सञ्चालनमा ल्याउनुपर्ने धारणा उनले राखेका थिए ।

बोलपत्र आह्वान गरेर बस खरिदको प्रक्रिया अगाडि बढेको बताउँदै अध्यक्ष दीक्षितले पहिलो चरणमा चार महिनापछि तीन वटा विद्युतीय बस काठमाडौं आइपुग्ने जानकारी गराए । चरणबद्धरूपमा विद्युतीय बस खरिद गरेर सञ्चालनमा ल्याउने बताउँदै उनले सरकारले त्यसका लागि सहयोग गर्नुपर्नेमा दिए ।

मन्त्री भुसालले चार्जिङ स्टेशनका लागि आवश्यक पर्ने स्थानको उपयुक्त विकल्प खोज्न पहल गर्ने बताइन् । उनले पहिलो चरणमा ललितपुर र काठमाडौं महानगरमा विद्युतीय बस सञ्चालन गर्न लागिएको भए पनि आगामी दिनमा देशका सबै नगरपालिकामा विद्युतीय बस सञ्चालन गर्नुपर्नेमा जोड दिइन् ।

त्यस अवसरमा ऊर्जा सचिव देवेन्द्र कार्कीले विद्युतीय बस सञ्चालनका लागि सरकारकोतर्फबाट सहयोग हुने बताउँदै आगामी दिनमा उपयुक्त तवरले संरचना खडा गरेर आगाडि बढ्न सबै निकायले पहल गर्नुपर्ने बताए । त्यसैगरी सञ्चालक समितिका सदस्य भुषण तुलाधरले विद्युतीय बसको खरिद प्रक्रिया र लागतबारे जानकारी गराए । उनका अनुसार करबाहेक एउटा बस खरिदका लागि रु एक करोड पाँच लाख पर्नेछ । कर, चार्जर र पाँच वर्षको मर्मत खर्चसहित प्रतिबस रु एक करोड ५२ लाख पर्नेछ ।

यो लागत रकम साझाको प्रारम्भिक अनुमानभन्दा २७ प्रतिशतले कमी हो । पहिलो चरणमा रु ६१ करोडको लागतमा ४० वटा बस खरिद गर्न लागिएको छ । साझाले आह्वान गरेको बोलपत्रमा नौ वटा चिनियाँ कम्पनी सहभागी भएका थिए । त्यसमध्ये सिएचटिसी किनवेन(नान्जीङ) अटोमोबाइल कम्पनीले छनोट भएर बस खरिद प्रक्रिया अगाडि बढेको हो ।

तुलाधरका अनुसार अबको चार महिनामा तीन वटा बस नेपाल आएर परीक्षण सुरु हुनेछ । सम्झौताअनुसार एकपटक ब्याट्री चार्ज गर्दा २०० किलोमिटर गुड्छ । बसमा १६१ किलोवाट पर आवरको ब्याट्री जडान गरिनेछ । जुन चार घण्टामा चार्ज हुनेछ ।

पछिल्लो समय सरकारले साझामा रु. तीन अर्ब बराबरको शेयर लगानी गरेको छ । सो रकम साझाको खातामा आइसकेको छ । साझाले आगामी सन् २०२५ सम्म सबै डिजेल बसलाई विद्युतीय बसमा परिणत गर्ने नीति लिएको छ । हाल साझाले ७१ वटा ठूला बस सञ्चालन गर्दै आएको छ ।

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रिएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् !
CCTV, EPABX
नुम्स कम्प्युटर्स प्रा.लि.

मध्यान्ह
राष्ट्रिय दैनिक
● ग्राहक बन्न परेमा
● पत्रिका नआएमा
● ठेगाना परिवर्तन भएमा
● पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।
सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**